# प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ६८ | काठमाडौं | मंगलबार, १६ असार २०८३ | Prabhab National Daily | Tuesday, 30 June 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## प्रस्तावित ट्राफिक जरिवानामा विवादमा

### सरकारलाई प्रश्न- नागरिकलाई मात्र भार, राज्यको दायित्व खोइ ?




- सरकारले अधिक दण्डको प्रस्ताव गरेपछि विवाद
- सडकदेखि सदनसम्मै विरोधको स्वर
- ५०० देखि एक लाख रूपैयाँसम्मको जरिवाना प्रस्ताव
- समयमा काम नगर्ने सरकारमाथि पनि जरिवाना तोक्नुपर्ने आवाज

■ **जेबी योञ्जन**

**काठमाडौं–** सरकारले ट्राफिक नियम उल्लंघन गर्नेविरुद्ध ५०० देखि एक लाख रूपैयाँसम्म जरिवाना गर्ने कानुनी प्रस्ताव विवादित बनेको छ। सडक अनुशासन कायम गर्न कडा दण्ड आवश्यक रहेको तर्क गर्दै सरकारले यस्तो कानुनको आवश्यकता औंल्याइरहँदा विपक्षी दल, सर्वसाधारण र विभिन्न क्षेत्रबाट राज्यले आफ्ना कमजोरी सुधार्नुभन्दा नागरिकमाथि मात्र आर्थिक भार थोपर्न खोजेको भन्दै विरोध गरिरहेका छन्।

यसबीच काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले सोमबार गृहमन्त्री सुधन गुरुङ र गृहसचिव राजकुमार श्रेष्ठ चढ्ने सवारीबाट कालो स्टिकर हटायो। ट्राफिक प्रहरीले सबैका लागि कानुन समान रूपमा लागू भएको सन्देश दिन खोजेको देखिन्छ। तर, सरकारले अपारदर्शी सिसा प्रयोग गर्नेलाई एक लाख रूपैयाँसम्म जरिवाना गर्ने प्रस्ताव गरेको विवरण सार्वजनिक भएको छ। त्यसो हुँदा गृहमन्त्री गुरुङ र गृहसचिव श्रेष्ठलाई कति जरिवाना गराइयो ? प्रश्न उठेको छ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले अघि बढाएको 'सवारी तथा यातायातको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१'मा ट्राफिक नियम उल्लंघन गर्नेलाई कसुरअनुसार ५०० देखि एक लाख रूपैयाँसम्म जरिवाना गर्ने व्यवस्था गर्न प्रस्ताव गरिएको छ। प्रस्तावअनुसार अपारदर्शी सिसा वा सिसामा अनधिकृत वस्तु राखेर सवारी चलाउनेलाई सबैभन्दा धेरै एक लाख रूपैयाँ जरिवाना हुने छ। मादक पदार्थ सेवन गरी सवारी चलाउने, गति सीमा उल्लंघन गर्ने तथा अन्य गम्भीर ट्राफिक कसुरमा पनि २५ हजारदेखि ५० हजार रूपैयाँसम्म जरिवानाको प्रस्ताव छ।


क्रमशः पृष्ठ २ मा


## 'मिसन आरजु' मा ब्रेक, राहदानी प्रकरणमा प्रधानमन्त्री 'ब्याक'

### अब अख्तियारले मुद्दा चलाएकै जर्मन कम्पनीले राहदानी छाप्ने

- राहदानी विभागका महानिर्देशक तीर्थराज अर्यालसहित पाँच जनालाई धरौटीमा रिहा गर्न विशेष अदालतको आदेश
- फ्रेञ्च कम्पनी आइडिमियाले राहदानीको ठेक्का तोड्न दबाब दिएपछि प्रधानमन्त्री वालेन्द्र शाहले एकाएक छानबिन अघि बढाउन अख्तियारलाई दबाब दिएका थिए
- परराष्ट्रमन्त्री शिशिर खनालसँग सोमबार लामो छलफलपछि प्रधानमन्त्री शाह यो ठेक्का जर्मन कम्पनीलाई नै दिन तयार भएको स्रोतको दाबी
- जर्मन कम्पनी र फ्रेञ्च कम्पनीबीचको विवादमा सरकार फसेको परराष्ट्र मन्त्रालयका अधिकारीहरूको दाबी



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** राहदानी खरिद प्रकरणमा पक्राउ परेका राहदानी विभागका अधिकारीहरूलाई विशेष अदालतले रिहा गर्न आदेश दिएको छ। सोमबार विशेष अदालतले विभागका महानिर्देशक तीर्थराज अर्यालसहित पाँच जनालाई धरौटीमा रिहा गर्न आदेश दिएको हो।

अदालतले अर्यालसँग पाँच लाख रूपैयाँ र सहजकर्ताको भूमिका निभाएका मणिन्द्रराज मल्लसँग पनि पाँच लाख रूपैयाँ धरौटी माग गरेको छ। विशेषले तत्कालीन निर्देशक सुनिलकुमार केसीसँग चार लाख रूपैयाँ, तत्कालीन शाखा अधिकृत सोमेश थापासँग तीन लाख रूपैयाँ र तत्कालीन कम्प्युटर इञ्जिनियर विपिन प्रसाईंसँग तीन लाख रूपैयाँ धरौटी माग गरेको छ।

विशेष अदालतका सदस्यहरू नारायणप्रसाद पौडेल, हेमन्त रावल र उमेश कोइरालाको इजलासले आइतबार यस्तो आदेश दिएको हो। अदालतले मुद्दाका अन्य दुई प्रतिवादीलाई भने साधारण तारिखमा राखेर मुद्दाको पुर्पक्ष गर्न भनेको छ।

अख्तियारले विभागका अधिकारीहरूलाई असार १ गते सिंहदरबारबाटै नियन्त्रणमा लिएर अनुसन्धान थालेको थियो। त्यसपछि असार ८ गते अख्तियारले अर्याल १८ जना कर्मचारीविरुद्ध १८ करोड ४४ लाख आठ हजार रूपैयाँ बिगो दाबी गर्दै मुद्दा दायर गरेको थियो। सहजकर्ता मणिन्द्र राज मल्लको हकमा भने एक अर्ब ९० करोड ६९ लाख ५७ हजार ३२ रूपैयाँ बिगो मागदाबी गरिएको थियो।

#### झगडा जर्मन र फ्रेञ्च कम्पनीबीचको

विभागले एक वर्षअघि दुई वटा जर्मन कम्पनीलाई पासपोर्ट छपाइको ठेक्का दिएको थियो। ठेक्का पाएका कम्पनी भेरिडोस जिएमबिएच र म्युहलबौयर आइडी सर्भिसलाई पनि अख्तियारले प्रतिवादी बनाएको छ। खासमा यो झगडा पहिले राहदानी छाप्दै आएको फ्रान्सेली कम्पनी आइडिमियाले निहुँ खोजेपछि सुरू भएको बताइन्छ।


क्रमशः पृष्ठ २ मा


#### किन 'ब्याक' भए वालेन्द्र ?

राहदानी खरिद प्रकरणको यो मुद्दाले सरकारको 'अपरिपक्व कदम'लाई थप उदांगो पारेको छ। किनभने, प्रधानमन्त्री वालेन्द्र शाह आफैं सक्रिय भएर यो मुद्दा अगाडि बढाउन अख्तियार नेतृत्वलाई बाध्य पारेका थिए। यो मुद्दा चलाउनुको मुख्य उद्देश्य पूर्वपरराष्ट्रमन्त्री डा. आरजु राणा देउवालाई पक्राउ गर्नु थियो। यो प्रकरणमा सरकारले देउवालाई बयानका लागि उपस्थित हुनसमेत पत्र पठाएको थियो। तर आरजु बयान दिन नआएसँगै यो मुद्दामा सरकार 'ब्याक' भएको बताइएको छ। यसले 'मिसन आरजु' मा वालेन्द्र सरकार असफलता पुष्टि गरेको छ।

सोमबार विशेष अदालतको आदेश आउनुअघि नै प्रधानमन्त्रीको सचिवालयले यस विषयमा परराष्ट्रमन्त्री शिशिर खनालसँग छलफल गरेको थियो। 'तत्कालका लागि खासै बलियो प्रमाण नभेटेकोले कर्मचारीलाई छाड्नुपर्ने प्रधानमन्त्री शाहकै निर्देशन आएको देखिन्छ,' प्रधानमन्त्री सचिवालय निकट स्रोतले भन्यो।

यो प्रकरणमा अनुसन्धान अघि बढाउन प्रधानमन्त्री शाहले अख्तियारका प्रमुख प्रेमकुमार राईलाई दबाब दिएका थिए। त्यसपछि अख्तियारले विद्युतीय राहदानी खरिदका लागि गरेको सम्झौतामा सार्वजनिक खरिद ऐनविपरीत काम गरी सरकारलाई हानि पुर्‍याएको दाबी गर्दै विभागका कर्मचारीविरुद्ध मुद्दा दायर गरेको थियो।


क्रमशः पृष्ठ २ मा


## कामपामा 'नमस्ते सेवा' अभियान

"रूखो बोलेर कानुन कार्यान्वयन हुने होइन। जिम्मेवारीप्रतिको इमान्दारिताले सहरी व्यवस्थापनका लागि तोकिएका व्यवस्था कार्यान्वयन हुन्छन्।

■ **सुनिता डंगोल**
कार्यवाहक प्रमुख, कामपा



**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिका (कामपा)ले महानगर प्रहरी बलको सप्ताहव्यापी 'नमस्ते सेवा अभियान' सुरु गरेको छ।

सोमबारदेखि वसन्तपुरबाट सुरु गरिएको महानगर प्रहरी बलको सप्ताहव्यापी नागरिक सचेतजना कार्यक्रम 'नमस्ते सेवा अभियान' को शुभारम्भ गर्दै कामपाकी कार्यवाहक प्रमुख सुनिता डंगोलले महानगर प्रहरी बललाई नागरिकसँगको सम्बन्धमा सरल र नम्र हुन तथा कानुन कार्यान्वयनमा कडा बन्न निर्देशनसमेत दिइन्।

'रुखो बोलेर कानुन कार्यान्वयन हुने होइन। जिम्मेवारीप्रतिको इमान्दारिताले सहरी व्यवस्थापनका लागि तोकिएका व्यवस्था कार्यान्वयन हुन्छन्,' कार्यवाहक प्रमुख डंगोलले भनिन्, 'नागरिकले मेरो प्रहरी भन्ने महसुस गर्ने गरी पहिचान स्थापित गर्नोस्। दायित्वलाई सेवामूलक, जनउत्तरदायी, सवल, सक्षम र गुणस्तरीय रूपमा सञ्चालन गर्नु महानगर प्रहरी बलको योग्यता हो। आफ्नो योग्यतालाई नागरिक सेवामा समर्पण गर्नोस्।'


क्रमशः पृष्ठ २ मा


**सन्दर्भः वैदेशिक रोजगार**

## तीन म्यानपावरमाथि कारबाही

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार विभागले गत जेठ महिनामा तीन वटा म्यानपावरलाई कारबाही गरेको छ। विभागले अघिल्लो सोमबार जारी गरेको सूचनाअनुसार वैदेशिक रोजगार ऐन २०६४ विपरीतको गतिविधि गरेकाले ती म्यानपावरलाई कारबाही गरिएको हो।




कारबाहीमा पर्नेमा ग्राण्ड सुइट जब प्रालि, नून सिसोर्सेस प्रालि र गुड लक इन्टरनेसनल म्यानपावर रहेका छन्। ग्राण्ड सुइटले प्रचलित कानुनभन्दा बढी सेवा शुल्क लिएको विभागले जनाएको छ। उक्त संस्थालाई ऐनको दफा ५३ बमोजिम ५० हजार रूपैयाँ जरिवाना लिनुका साथै विभागको अभिलेखमा रहनेगरी दफा ५४ बमोजिम त्यस्तो कसुर नगर्न सचेत गराइएको विभागले जनाएको छ।


क्रमशः पृष्ठ २ मा


## प्रहरी प्रतिवेदन अपलोड गर्न आग्रह

**काठमाडौं (प्रस)–** इजरायलको दीर्घकालीन स्याहार केन्द्रमा जान आवेदन दिएकाहरूलाई प्रहरी प्रतिवेदन अपलोड गर्न आग्रह गरिएको छ। वैदेशिक रोजगार विभागले सोमबार एक सूचना जारी गरी प्रहरी प्रतिवेदन अपलोड गर्न बाँकी रहेकाहरूलाई तत्काल अपलोड गर्न आग्रह गरेको हो।

दीर्घकालीन स्याहार केन्द्रमा जाने नेपाली सहायक कामदारका लागि गत जेठ १३ गते विज्ञापन प्रकाशित गरी दरखास्त आह्वान गरिएको थियो। सो दरखास्तमा परेका आवेदनहरूको भेरिफिकेसन र एप्रुभ गर्ने कार्य भइरहेको विभागको सूचनामा उल्लेख छ।


क्रमशः पृष्ठ २ मा



## विज्ञापन वापतको रकम भुक्तानी गर्नेबारे अत्यन्त जरुरी सूचना

यस **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा अन्य विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको **बाँकी बक्यौता रकम भुक्तानी**का लागि पटक पटक मौखिक तथा लिखित अनुरोध गर्दा पनि भुक्तानी नगर्नु भएकोले यही **मिति २०८३ असार २५ गते**भित्र भुक्तानी गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **प्रभाव राष्ट्रिय दैनिक**को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हालसम्म उपलब्ध गराइएको कमिसन सुविधासमेत उपलब्ध गराउन नसकिने तथा रकम भुक्तानी नगर्ने कम्पनी, संस्थाहरूका सञ्चालकको नाम र फोटो सहित सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून वमोजिम कार्वाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

लेखा शाखा

**प्रभाव पब्लिकेसन प्रा.लि.**

सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००

Email:Marketing2prabhab@gmail.com

## पृष्ठ १ बाट क्रमशः

### 'मिसन...

आइडिमियाले राहदानी ठेक्क तोड्न निरन्तर दबाब दिएपछि राहदानी विभागका अधिकारीहरूसमेत अप्ठ्यारोमा परेका थिए । जसका कारण नेपालका लागि जर्मन राजदूत उडो भोल्जसँगसमेत प्रधानमन्त्री वालेन्द्र शाहको ठाकठुक परेको थियो । त्यसपछि जर्मन राजदूत भोल्जले प्रधानमन्त्री शाहसँग असन्तुष्टि पोखेका थिए ।

अदालतमा अख्तियारले राहदानीको ठेक्का लिएको जर्मन कम्पनी भेरिडास जिएमबिएचका नेपाल प्रतिनिधि सिद्धार्थ थापाविरुद्ध आठ अर्ब २२ करोड ३५ लाख चार हजार रूपैयाँ बराबरको बिगो मागदाबी गरेको थियो । मुद्दा परेपछि सिद्धार्थ सम्पर्कविहीन भएका थिए ।

म्युलबैरका नेपाल प्रतिनिधि मणिन्द्रराज मल्लविरुद्ध एक अर्ब ९० करोड ६९ लाख ५७ हजार रूपैयाँबराबरको बिगो दाबी गरिएको थियो । बोलपत्रको सुरुवाती चरणबाटै गम्भीर अनियमितात र भ्रष्टाचार गरेको पाइएको भन्ने सूचनाका आधारमा आयोगले छानबिन गरेको थियो ।

बायोमेट्रिक डेटा र सिस्टम व्यवस्थापनको प्याकेज-१ को ठेक्का एक अर्ब ५५ करोड रूपैयाँमा म्युहलबौयर आइडी सर्भिस र पासपोर्ट बुकलेट आपूर्ति तथा पर्सनलाइजेसनको प्याकेज-२ को ठेक्का छ अर्ब ११ करोड रूपैयाँमा भेरिडोसले पाएका थिए । त्यतिखेर परराष्ट्रमन्त्री आरजु थिइन् । बयानमा नआएपछि आरजुलाई प्रतिवादी बनाउन सरकार असफल भयो । आरजु गत फागुनदेखि विदेशमा छिन् ।

अख्तियारले अनुसन्धानका क्रममा पूर्वपरराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ, परराष्ट्रसचिव अमृत राई, पूर्वपरराष्ट्रसचिव सेवा लम्सालगायतको बयान लिएको थियो ।

#### ६४ लाख राहदानी अब जर्मन कम्पनीले छाप्ने

यो प्रकरणसँगै अब ६४ लाख पासपोर्ट जर्मन कम्पनी भेरिडोस जिएमबिएच र म्युहलबौयर आइडी सर्भिसले नै छाप्ने भएको छ । यसका लागि सम्पूर्ण प्रक्रिया पूरा भइसकेको परराष्ट्र स्रोतले जनायो । प्रधानमन्त्री शाहको सचिवालयले जसरी पनि ठेक्का रद्द गर्न दबाब दिएको भए पनि पछिल्लो समय बिग्रँदो कूटनीति सुधार्न जर्मन कम्पनीलाई दिइसकेको वचन तोड्न नहुने परराष्ट्र मन्त्रालयका अधिकारीहरूले सुझाएका थिए । उक्त विषयमा परराष्ट्रमन्त्री खनालले प्रधानमन्त्रीलाई ब्रिफिङ गरेपछि जर्मन कम्पनीलाई नै राहदानी छाप्न दिन प्रधानमन्त्री शाह तयार भएको स्रोतले जनायो ।

■■■

### किन 'ब्याक'...

अख्तियारले अर्यालसहितका कर्मचारीमाथि १८ करोड ४४ लाख आठ हजार रूपैयाँ बिगो दाबी गरेको थियो भने सहजकर्ता मणिन्द्रराज मल्लको हकमा एक अर्ब ९० करोड ६९ लाख ५७ हजार रूपैयाँ बिगो दाबी गरेको थियो । प्रतिवादीहरूले भने बयानका क्रममा आफूहरूले प्रचलित कानुनअनुसार नै काम गरेको र उल्टै राज्यलाई फाइदा पुग्नेगरी कम मूल्यमा राहदानी खरिद गरेको दाबी गर्दै आरोपको प्रतिवाद गरेका थिए । अदालतले तत्काल प्राप्त प्रमाणका आधारमा उनीहरू निर्दोष हुन् भनी हाल्न नसकिने भन्दै धरौटी माग गर्ने निर्णय गरेको जनाएको छ ।

मुद्दा परेसँगै विभागका महानिर्देशक अर्याल, सूचना प्रविधि निर्देशक केसीसहित १० जना कर्मचारी निलम्बनमा परेका थिए । आयोगले परराष्ट्र मन्त्रालयका तत्कालीन उपसचिवद्वय राजाराम दाहाल र पुस्करराज नेपाल (कानुन), उपसचिव (लेखा) भेषप्रसाद भूर्तेलविरुद्ध समान बिगो मागदाबी गरेको थियो ।

■■■

### प्रस्तावित...

मन्त्रालयका सूचना अधिकारी ज्ञानराज लम्सालका अनुसार यो कानुनी व्यवस्था ट्राफिक अनुशासन प्रभावकारी बनाउन ल्याउन खोजिएको हो । उनले प्रभावसँग भने, 'ट्राफिक नियम उल्लंघन गर्नेविरुद्ध कसुरअनुसार फरक-फरक परिमाणमा जरिवाना लिने व्यवस्था गरिएको छ । यतिबेला विधेयकमाथि छलफल जारी छ ।'

यसबारे सडकदेखि संसद्सम्मै विरोधको स्वर सुनिएको छ । नागरिकले नियम उल्लंघन गरे तत्काल जरिवाना तिर्नुपर्ने, तर राज्यले सुरक्षित सडक, प्रभावकारी ट्राफिक बत्ती, समयमै सेवा र गुणस्तरीय पूर्वाधार दिन नसके पनि कुनै दण्ड नहुने अवस्था न्यायोचित हो कि होइन भन्ने प्रश्न उठेको छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) संसदीय दलका नेता ज्ञानेन्द्र शाहीले प्रतिनिधिसभामै सरकारले नागरिकलाई मात्र कारबाही गर्ने मानसिकता त्याग्नुपर्ने बताएका छन् । 'ट्राफिक नियम उल्लंघन गरेबापत नागरिकले जरिवाना तिर्नुपर्छ भने २४ घण्टाभित्र सडकमा खाल्टो भेटिए राज्यले पनि एक लाख रूपैयाँ जरिवाना तिर्नुपर्ने व्यवस्था हुनुपर्छ,' शाहीले संसद्मा भने ।

उनले ट्राफिक बत्ती बिग्रिएर समयमै मर्मत नभए सम्बन्धित निकायलाई एक लाख रूपैयाँ, ट्राफिक प्रहरीले सेवाग्राहीसँग रुखो व्यवहार गरे ५० हजार रूपैयाँ तथा राति सडकबत्ती नबले सम्बन्धित निकायलाई पनि जरिवाना गर्ने कानुन आवश्यक रहेको बताए ।

ट्रायल परीक्षा उत्तीर्ण गरेको सात दिनभित्र लाइसेन्स दिन नसक्ने सरकारी निकायलाई पनि आर्थिक दण्डको व्यवस्था गर्नुपर्ने उनको माग छ । 'राज्य र कानुन जनतालाई मात्र दण्ड दिने माध्यम होइन, जनता र सरकार दुवैलाई समान रूपमा जिम्मेवार बनाउने कानुन आउनुपर्छ,' उनले भने ।

सरकारले भने ट्राफिक अनुशासन सुधार्न अभियानलाई तीव्र बनाएको छ । काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले असार १ गतेदेखि एक महिने ट्राफिक सचेतना महाअभियान सञ्चालन गरिरहेको छ । उपत्यका ट्राफिक प्रहरी प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) सुरेश काफ्लेका अनुसार नेपालमा दैनिक औसत आठ जनाले सडक दुर्घटनामा ज्यान गुमाइरहेका छन् । त्यसैले नियमको कडाइ अपरिहार्य भएको उनको भनाइ छ ।

'सडक प्रयोगकर्तामा सामान्य जानकारीको कमी, चालकको लापरवाही र ट्राफिक नियम पालना नगर्दा ठूलो धनजनको क्षति भइरहेको छ,' उनले भने ।

जेब्रा क्रसिङ, आकाशे पुल, लेन अनुशासन, ट्राफिक लाइट र सुरक्षित गति सीमाबारे व्यापक सचेतना अभियान सञ्चालन गरिएको जानकारी दिएका छन् । उनका अनुसार काठमाडौंमा अत्यधिक सवारी चाप, अव्यवस्थित रुट परमिट, सीमित सडक, लेन अनुशासनको कमी, प्रविधिको अभाव र जनशक्तिको सीमितता प्रमुख चुनौती हुन् । हाल काठमाडौं उपत्यकामा करिब २१ लाख सवारीसाधन सञ्चालनमा छन् । ट्राफिक प्रहरीको संख्या भने करिब एक हजार ५९० मात्रै छ ।

सर्वसाधारणले पनि सडकको अवस्था, बिग्रिएका ट्राफिक बत्ती, अस्पष्ट सडक संकेत, वर्षायाममा जलमग्न सडक, समयमै नपाइने लाइसेन्स, अव्यवस्थित सार्वजनिक यातायात र कमजोर पूर्वाधार सुधार नगरी जरिवानामात्र बढाउनु उचित नहुने तर्क गर्दै आएका छन् ।

यद्यपि, यसबेला कालो स्टिकर हटाउने अभियानले कानुन सबैका लागि बराबर लागू हुने सन्देश दिएको छ । गृहमन्त्री र गृहसचिवको सवारीबाटै स्टिकर हटाइनुले त्यसलाई सकारात्मकरूपमा हेरिएको छ । तर, यही अभियानसँगै एक लाख रूपैयाँसम्म जरिवानाको प्रस्ताव सार्वजनिक भएपछि नागरिकमाथि आर्थिक भार बढाउने तयारी भएको टिप्पणी पनि भइरहेको छ ।

अब प्रस्तावित विधेयक संसद्बाट जस्ताको तस्तै पारित हुन्छ वा छलफलका क्रममा राज्यको उत्तरदायित्व, सरकारी निकायको जवाफदेहिता र नागरिकका अधिकारलाई पनि समानरूपमा समेटेर संशोधन गरिन्छ भन्ने विषयले आगामी बहसलाई निर्धारण गर्ने देखिएको छ ।

मन्त्रालयले तयार पारेको विधेयकमा सबैभन्दा धेरै जरिवाना चालकले अपारदर्शी सिसा वा सिसामा अनधिकृत वस्तु राखी सवारी चलाएमा एक लाख रूपैयाँ व्यवस्था गरिएको छ । त्यस्तै, मादक पदार्थ वा नसालु पदार्थ सेवन गरी सवारीसाधन चलाएमा दुईपांग्रे वा तीनपांग्रे सवारीसाधनको हकमा २५ हजार, साना सवारीसाधनको हकमा ३५ हजार र मझौला तथा ठूला सवारीसाधनको हकमा ५० हजार रूपैयाँ प्रस्ताव गरिएको छ । सबैभन्दा कम ५०० रूपैयाँ जरिवाना निषेधित क्षेत्रमा हर्न बजाउने र सडक अनुशासन उल्लंघन गर्नेविरुद्ध हुने भनिएको छ ।

अनधिकृतरूपमा ट्राफिक संकेत हटाएमा, बदलेमा, हेरफेर गरेमा, बिगारेमा, मेटेमा, च्यातेमा वा केरमेट गरेमा पाँच हजार रूपैयाँ जरिवाना प्रस्ताव गरिएको छ । सवारीसाधनका लागि निर्धारण गरिएको सुरक्षित गति सीमाभन्दा बढी गतिमा चलाएमा दुई वा तीनपांग्रे सवारीसाधनको हकमा २५ हजार, साना सवारीसाधनको हकमा ३५ हजार र मझौला तथा ठूला सवारीसाधनको हकमा ५० हजार रूपैयाँ जरिवाना हुने छ ।

■■■

### कामपामा...

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक दिलीप घिमिरेले महानगर प्रहरी बलले थालनी गरेको अभियानबाट प्रहरीलाई नागरिकले हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन आउने अपेक्षा गरेको धारणा राखे ।

कामपा प्रहरी बलले ट्राफिक व्यवस्थापन, फोहोर अनुगमन, अनधिकृत व्यापार नियन्त्रण, विपद् व्यवस्थापन, सम्पदा व्यवस्थापनलगायत क्षेत्रमा काम गरिरहेको छ । कार्यक्रममा महानगर प्रहरी बलका प्रमुख विष्णुप्रसाद जोशीले भने, 'यस अभियानबाट नागरिक र प्रहरीको सम्बन्धलाई नजिक र बलियो बन(ाउन चाहेका छौं । अभियानका क्रममा नागरिकलाई उहाँहरूको दायित्वका विषयमा बुझाउनेछौं ।'

'परिवर्तित सन्दर्भमा नागरिक र प्रहरीबीचको सम्बन्धका विषयमा नयाँ कार्यक्रम थालनी जरुरी थियो । कामपा प्रहरी बलले यसको प्रारम्भ गरेको छ । यो सकारात्मक कुरा हो,' कार्यक्रममा सम्पदा अभियन्ता गणपतिलाल श्रेष्ठले प्रतिक्रिया दिए ।

कामपाको चलअचल सम्पत्तिको सुरक्षा गर्ने, सभा समारोह, चाडपर्वको व्यवस्थापन गर्ने, सहरी व्यवस्थापनका काम गर्ने, सार्वजनिक सम्पत्तिको सुरक्षा र रेखदेख गर्ने, सरसफाइ र सुन्दरता जगेर्ना गर्ने, विपद् व्यवस्थापन, वातावरणीय सुधारलगायत क्षेत्रमा महानगर प्रहरी बलले काम गरिरहेको छ ।

■■■

### तीन म्यानपावरमाथि...

विभागका अनुसार नून रिसोर्सेसले अन्तरवार्तामा प्रकाशित भएको सूची विभागलाई उपलब्ध नगराएकोले कारबाहीमा परेको हो । उक्त संस्थालाई ऐनको दफा ५० बमोजिम ५० हजार रूपैयाँ जरिवाना तिराउनुका साथै दफा ५४ बमोजिम सचेत गराइएको छ । त्यस्तै, गुड लक इन्टरनेसनलले निवेदकसँग भएको सहमति कार्यान्वयन नगरेको भन्दै लट इनएक्टिभ गरिएको विभागको सूचनामा उल्लेख छ ।

■■■

### प्रहरी प्रतिवेदन...

यसअघि विभागले प्रहरी प्रतिवेदन अपलोड गर्नका लागि असार १४ गतेसम्मको सीमा तोकेको थियो । तर, विभागबाट एसएमएस/इमेल प्राप्त हुन नसकी प्रहरी प्रतिवेदन अपलोड गर्न बाँकी रहेका आवेदकहरूलाई लक्षित गरी सूचना जारी गरिएको हो । एसएमएस/इमेल प्राप्त भएपछि फर्मस्को अनलाइन प्रणालीबाट उम्मेदवार स्वयंले आफ्नो युजर आइडी र पासवर्ड प्रयोग गरी प्रहरी प्रतिवेदन अपलोड गर्न सकिने विभागले सूचनामार्फत जानकारी दिएको छ ।

# नौ जनाविरूद्ध भ्रष्टाचार मुद्दा

**काठमाडौं (प्रस)**– अख्तियार दुरूपयोग अनुसन्धान आयोगले नयाँ पर्यटन गन्तव्य पहिचान गर्ने उद्देश्यले सञ्चालित कार्यक्रममा भ्रष्टाचार भएको अभियोगमा बझाङको दुर्गाथली गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृतलगायत नौ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

सो कार्यक्रमका लागि आर्थिक वर्ष २०७५/७६ को स्वीकृत कार्यक्रमअन्तर्गत मन्दिर निर्माणका लागि निकासा भएको रकम हिनामिना गरेको पाइएको छ । आयोगले गरेको अध्ययनअनुसार छबीसपाथीभेरा गाउँपालिका-६ स्थित बाँठपाली देवता मन्दिर निर्माणका लागि ४५ लाख रूपैयाँबराबरको रकम विनियोजन भएको थियो ।

संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलको बजेट तथा कार्यक्रमसहितको पत्रबमोजिम निकासा लिने, खर्च गर्ने, लेखा राख्ने, लेखापरीक्षण गराउने र बेरुजु फर्स्योटसमेतको जिम्मेवारी दुर्गाथली गाउँपालिकालाई दिइएको थियो ।

स्वीकृत लागत अनुमान ५६ लाख सात हजार रूपैयाँमध्ये उपभोक्ता सहभागिता ११ लाख सात हजार रूपैयाँ र कन्टिन्जेन्सीतर्फ दुई लाख रूपैयाँबराबरको बजेट थियो । निर्माण भएकोभन्दा बढी काम भएको देखाई अस्वाभाविक दर राखी र सम्झौता बमोजिमको जनसहभागिता रकम कट्टा गरी नक्कली बिल भरपाईका आधारमा २२ लाख एक हजार रूपैयाँबराबरको रकम भुक्तानी गरेको आयोगको भनाइ छ ।


**कतारमा रोजगार** — कम्पनी : Prosky Contracting And Services

पूर्व स्वीकृति मिति : २०८३/03/१५ | LT. No. 344142 | चलानी नं. ६०२५७४३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Plumber | 1 | 0 | 1100 | ४५,६२२ | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cashier | 1 | 1 | 1500 | ६२,२१२ | | | | | | | |
| 3 | Cleaner/ Dishwasher | 0 | 1 | 1000 | ४१,४७५ | | | | | | | |
| 4 | Dry Clean Worker | 1 | 0 | 1000 | ४१,४७५ | | | | | | | |
| 5 | Sales executive | 1 | 0 | 2700 | १,११,९८२ | | | | | | | |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असार २३ गते (7th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ALHAYA LIC No. 1092/073/074
Al Haya H.R. Solution Pvt. Ltd.
P.O.Box : 19232, Shantinagar-34, Kathmandu, Nepal, Contact: 01-4620879,
Contact No : 9813590560 E-mail : alhaya.md@gmail.com, Web: www.alhayahr.com

**युएइमा रोजगार** — कम्पनी : KANZ JEWELS LLC

पूर्व स्वीकृति मिति : २०८३/03/१५ | LT. No. 344155 | चलानी नं. ६०२५७४३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sales Officer | 5 | 7 | 1500 | ६१,४२५ | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Assistant Technician/telecommunication | 2 | 3 | 1500 | ६१,४२५ | | | | | | | |
| 3 | Messenger | 1 | 0 | 1500 | ६१,४२५ | | | | | | | |
| 4 | Jeweller | 5 | 6 | 1500 | ६१,४२५ | | | | | | | |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २३ गते (7th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


MOBHIRA OVERSEAS SERVICE PVT. LTD.
Basundhara, Kathmandu, Nepal, Tel: +977 -014982832
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com
Govt. License 083/053/054

**साउदी/ओमनमा रोजगार** — कम्पनी : HALA QAHWATNA FOR SWEETS ESTABLISHMENT Contact : 9813048931( Mazid ) शेवा शुल्कः १0,000

पूर्व स्वीकृति मिति : २०८२/04/0२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/03/१५ | LT. No. 327322 | चलानी नं.६0२४४५३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista Coffee Maker | 1 | 0 | 1200 | ४७,९८५ | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Kitchen Worker | 1 | 0 | 1200 | ४७,९८५ | | | | | | | |

कम्पनी : AHMED ALNOUMANI TRADE LLC Contact : 981-3048932 (Abdulla Asurdin Miya) शेवा शुल्कः १0,000

पूर्व स्वीकृति मिति : २०८२/05/२0 | पुन विज्ञापन स्वीकृति मिति : २०८३/03/१५ | LT. No. 330740 | चलानी नं.६0२४४५३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Arabic Coffe Maker | 1 | 1 | 150 | ५८,६७५ | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Waiter | 0 | 1 | 140 | ५४,७६० | | | | | | | |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २३ गते (7th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
इंप.नं.११४२/०७३/०७४
Srijanshil Marg, Basundhara, Kathmandu, Nepal, E-mail : alkausar.hrm@gmail.com

**कतारमा रोजगार** — कम्पनी : MELAKA CONTRACTING AND SERVICES

पूर्व स्वीकृति मिति : २०८२/११/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/03/१५ | LT. No. 339772 | चलानी नं. ६0२५३२0७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1200 | ४७,७७० | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner hospital | 0 | 1 | 1000 | ४१,४७५ | | | | | | | |
| 3 | Cleaners (Ladies) | 0 | 2 | 1000 | ४१,४७५ | | | | | | | |
| 4 | Cleaners/public Building | 2 | 0 | 1000 | ४१,४७५ | | | | | | | |
| 5 | Foreman | 1 | 0 | 2500 | १०३,६८५ | | | | | | | |
| 6 | Supervisor | 0 | 1 | 2500 | १०३,६८५ | | | | | | | |
| 7 | Waiter | 0 | 2 | 1400 | ५८,०६५ | | | | | | | |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २३ गते (7th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


LIC 537/061/62
ABC PLACEMENTS PVT. LTD
Gaushala-9, Kathmandu, Nepal, Tel : 977-1-4582340, Balram Singh 9813169133
Email : infoabcplacement@gmail.com, info@abcplacement.com, Website: www.abcplacement.com


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

मंगलबार, १६ असार, २०८३

| | |
|---|---|
| मेष | नयाँ कामको अवसर आउन सक्छ । खर्चमा ध्यान दिनुहोस । |
| वृष | आर्थिक पक्ष बलियो बन्ने संकेत । परिवारबाट सहयोग मिल्नेछ । |
| मिथुन | कुराकानी र निर्णयमा सावधानी अपनाउनुहोस । नयाँ योजना बन्न सक्छ । |
| कर्कट | मनमा उत्साह बढ्नेछ । रोकिएका काम अघि बढ्न सक्छ । |
| सिंह | नेतृत्व गर्ने अवसर मिल्न सक्छ । आत्मविश्वास बढ्ने दिन । |
| कन्या | मेहनतको राम्रो परिणाम पाइनेछ । स्वास्थ्यमा ध्यान दिनुहोस । |
| तुला | सम्बन्धमा मिठास आउनेछ । यात्राको सम्भावना रहन सक्छ । |
| वृश्चिक | महत्वपूर्ण निर्णय गर्दा सोचविचार गर्नुहोस । लाभको सम्भावना । |
| धनु | नयाँ कुरा सिक्ने अवसर मिल्नेछ । सकारात्मक सोच राख्नुहोस । |
| मकर | कामको जिम्मेवारी बढ्न सक्छ । धैर्य आवश्यक छ । |
| कुम्भ | सिर्जनात्मक काममा सफलता मिल्न सक्छ । साथीभाइको साथ पाइनेछ । |
| मीन | भावनात्मक पक्ष बलियो रहनेछ । आर्थिक योजना बनाउन राम्रो समय । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१६ असार, २०८३ (३० जुन २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५०.७४ | १५१.३४ |
| युरो | १ को | १७१.६० | १७२.२९ |
| पाउन्ड स्टिर्लङ | १ को | १९९.०१ | १९९.८१ |
| स्विस फ्रैन्क | १ को | १८६.१६ | १८६.९० |
| अस्ट्रेलियन डलर | १ को | १०४.०० | १०४.४१ |
| क्यानाडियन डलर | १ को | १०६.२० | १०६.६२ |
| सिङ्गापुर डलर | १ को | ११६.४९ | ११६.९५ |
| जापानी येन | १० को | ९.३२ | ९.३६ |
| चिनियाँ युआन | १ को | २२.१७ | २२.२६ |
| साउदी अरब रियाल | १ को | ४०.१४ | ४०.३० |
| कतारी रियाल | १ को | ४१.३९ | ४१.५६ |
| थाई भाट | ख १ को | ४.५२ | ४.५४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.०४ | ४१.२० |
| मलेसियन रिङेट | १ को | ३६.८८ | ३७.०३ |
| दक्षिण कोरियन वन | १०० को | ९.८२ | ९.८६ |
| स्विडिस क्रोनर | १ को | १५.४८ | १५.५५ |
| डेनिस क्रोनर | १ को | २२.९६ | २३.०५ |
| हङकङ डलर | १ को | १९.२२ | १९.३० |
| कुवेती दिनार | १ को | ४८९.५७ | ४९१.५२ |
| बहराइन दिनार | १ को | ३९९.८४ | ४०१.४३ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

# सहरीकरणले उपत्यकामा धान रोप्ने ठाउँको अभाव, किसान चिन्तित

■ प्रभाव संवाददाता

**काठमाडौं–** बढ्दो सहरीकरणसँगै काठमाडौं उपत्यकामा धान रोप्ने ठाउँका अभाव भइरहेको भन्दै किसानले चिन्ता व्यक्त गरेका छन् । टोखा नगरपालिकाले सोमबार वडा नम्बर २ को लबुमा आयोजना गरेको २३औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सवमा स्थानीय किसानले बढ्दो सहरीकरणले गर्दा खेतीयोग्य जमिन घट्दै गएको भन्दै चिन्ता व्यक्त गरेका हुन् ।

टोखाका स्थानीय कृषक केदार बिडारी जनघनत्व बढ्दै जाँदा टोखा मात्र नभई काठमाडौं उपत्यकाकै खेतीयोग्य जमिन मासिँदै गएको बताउँछन् । 'काठमाडौं उपत्यका कृषिका लागि उर्भरभूमि हो, बढ्दो सहरीकरणका कारण यहाँका खेतीयोग्य जमिन मासिँदै गएका छन्,' उनी भन्छन् ।

नेपालमा धान उत्पादन र किसानको श्रमको सम्मान गर्न प्रत्येक वर्ष असार १५ गते राष्ट्रिय धान दिवस मनाइन्छ । टोखाकै अर्का किसान साम्बाल श्रेष्ठ पछिल्लो समय काठमाडौंभित्रका खेतीयोग्य जमिनमा घर बन्न थालेकाले यहाँको खेती हराउँदै गएको बताउँछन् ।

पछिल्ला वर्षमा सहर विस्तार, अव्यवस्थित बस्ती विकास तथा खेतीयोग्य जमिन घडेरीमा रूपान्तरण हुने क्रम बढेसँगै धान रोप्ने खेतहरू निरन्तर घटिरहेको उनको भनाइ छ । यसले धान उत्पादनमा प्रत्यक्ष असर पार्नुका साथै खाद्य सुरक्षामा चुनौती थपिएको उनको भनाइ छ ।

पछिल्लो समय युवा जनशक्तिको वैदेशिक रोजगारीतर्फ आकर्षण, सिँचाइको अभाव, उन्नत बीउ तथा मलको सीमित उपलब्धता र खेतीयोग्य जमिनको खण्डीकरणले धान खेती प्रभावित भइरहेको छ । टोखा नगरपालिका कृषि शाखाकी प्रमुख सुमित्रा पाठक टोखाभित्र मात्र हाल ४०० हेक्टर जग्गा खेतीयोग्य रहेको बताउँछन् । टोखा क्षेत्रलाई कृषिमा आत्मनिर्भर बनाउनका लागि नगरपालिकाले प्रविधियुक्त खेती प्रणालीको विकासमा जोड दिइएको उनको भनाइ छ ।

टोखाले विभिन्न समयमा किसानलाई मल, बीउ, बिरुवालगायत उपलब्ध गराउँदै आएको छ । यसबाहेक टोखाले तरकारीमा आत्मनिर्भर बनाउनका लागि छतमा तरकारी खेतीलाई समेत प्रोत्साहन गरेको छ । कृषियोग्य जमिन संरक्षण, आधुनिक प्रविधिको प्रयोग, प्रभावकारी सिँचाइ व्यवस्था र किसानलाई प्रोत्साहन गर्ने नीति टोखाले लिएको उनको भनाइ छ । टोखाले प्रत्येक वर्ष असार १५ का दिनमा राष्ट्रिय धान दिवस मनाउँदै आएको छ ।

उक्त धान दिवस कार्यक्रममा नगरपालिकाका विभिन्न वडाका वडाध्यक्ष जनप्रतिनिधि, कर्मचारी, स्थानीय किसानको सहभागिता रहेको थियो । सोही अवसरमा टोखाभित्रका विभिन्न विद्यालयका विद्यार्थीलाई धान रोप्न तरिकाबारे सिकाइएको थियो । सांस्कृतिक कार्यक्रमसमेत आयोजना गरिएको थियो । टोखा नगरपालिकाको वडा नं १, २ र ३ मा हालसम्म खेतीयोग्य जमिन रहेको छ । अन्य वडा भने क्रमशः सहरीकरण हुँदै गएका छन् ।



**राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव** | जलवायुमैत्री प्रविधि, धानमा आत्मनिर्भरता र समृद्धि भन्ने नाराका साथ राष्ट्रिय बाली विज्ञान अनुसन्धान केन्द्र र बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रद्वारा सोमबार ललितपुरको खुमलटारमा आयोजित २३औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव २०८३ मा धान रोप्दै महिलाहरू । *तस्बिरः रासस*

# उपत्यकामा घुम्ती प्रयोगशालासहित बजार अनुगमन

**काठमाडौं–** सरकारले खाद्य सुरक्षा, गुणस्तर तथा उपभोक्ता स्वास्थ्य संरक्षणलाई उच्च प्राथमिकतामा राख्दै बजार अनुगमनलाई तीव्र बनाएको छ ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले मन्त्री निशा मेहेताको निर्देशनमा मन्त्रालयअन्तर्गतको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले यही असार १४ गते काठमाडौं उपत्यकामा घुम्ती प्रयोगशाला (मोबाइल ल्याब) सहित तीनवटा छुट्टाछुट्टै टोली परिचालन गरी व्यापक अनुगमन तथा निरीक्षण गरेको जनाएको छ ।

होटल तथा रेस्टुरेण्ट अनुगमन टोलीले काठमाडौं महानगरपालिका-१०, बानेश्वरस्थित आनन्दभूमि बिजनेस सेन्टरको स्टोरमा 'कस्मेटिक ग्रेड'को 'रोज वाटर' खाद्य प्रयोजनका लागि राखिएको भेटेपछि उक्त अखाद्य रोज वाटर तत्काल नष्ट गरेको छ । साथै, सम्बन्धित व्यवसायीलाई आवश्यक




कागजातसहित पाँच दिनभित्र विभागमा उपस्थित भई स्पष्टीकरण पेस गर्न निर्देशन दिइएको छ ।

त्यसैगरी, दोस्रो टोलीले कालीमाटी फलफूल तथा तरकारी बजारबाट विभिन्न तरकारी तथा फलफूलका नमूना संकलन गरी विषादी अवशेष परीक्षण गरेको थियो । परीक्षण गरिएका २२ वटा विभिन्न प्रकारका ताजा फलफूल तथा तरकारीको प्रतिवेदन खाद्य मापदण्डअनुकूल रहेको विभागले जनाएको छ ।

टोलीले भक्तपुरस्थित दुई डेरी उद्योगमा पनि अनुगमन गरी उत्पादन प्रक्रिया, सरसफाइ तथा गुणस्तर व्यवस्थापनमा आवश्यक सुधार गर्न निर्देशन दिएको जनाएको छ ।

मन्त्री मेहेताले जनस्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने खाद्य तथा उपभोग्य वस्तुको गुणस्तरमा कुनै सम्झौता नहुने स्पष्ट गर्दै उपभोक्ताको स्वास्थ्यमा जोखिम सिर्जना गर्ने व्यक्ति वा संस्थामाथि कानुनबमोजिम कडा कारबाही गरिने बताएकी छन् । उनले बजारलाई सुरक्षित, स्वच्छ र गुणस्तरीय बनाउन मन्त्रालयको अनुगमन तथा नियमन अभियान अझ प्रभावकारी ढंगले निरन्तर सञ्चालन हुने पनि जानकारी दिइन् ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले अनुगमनसम्बन्धी विस्तृत विवरण संलग्न प्रतिवेदनमार्फत सार्वजनिक गरेको जनाएको छ । *रासस*


## युएइमा रोजगार

कम्पनी : DESHWA TECHNICAL SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०३/१२ | LT. No. 344080 | चलानी नं. ६०२५७४१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Arc Welder | 1 | 0 | 1500 | ६१,४२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Assistant Electrician | 1 | 0 | 1500 | ६१,४२८ | | | | | | | |
| 3. | Brick Layer | 2 | 0 | 1500 | ६१,४२८ | | | | | | | |
| 4. | Brick Masons | 2 | 0 | 1500 | ६१,४२८ | | | | | | | |
| 5. | Carpenter | 2 | 0 | 1500 | ६१,४२८ | | | | | | | |
| 6. | Carpet Installer | 1 | 0 | 1500 | ६१,४२८ | | | | | | | |
| 7. | Construction Carpenter | 2 | 0 | 1500 | ६१,४२८ | | | | | | | |
| 8. | Electrician. | 2 | 0 | 1500 | ६१,४२८ | | | | | | | |
| 9. | False Ceiling/partion Fixer | 2 | 0 | 1500 | ६१,४२८ | | | | | | | |
| 10. | Helper /labourer / Ceramic Worker /building Worker | 2 | 0 | 1500 | ६१,४२८ | | | | | | | |
| 11. | Insulation Labor | 1 | 0 | 1500 | ६१,४२८ | | | | | | | |
| 12. | Pipe Fitters | 1 | 0 | 1500 | ६१,४२८ | | | | | | | |
| 13. | Plasterer | 2 | 0 | 1500 | ६१,४२८ | | | | | | | |
| 14. | Scaffolder | 1 | 0 | 1500 | ६१,४२८ | | | | | | | |
| 15. | Stone Mason | 2 | 0 | 1500 | ६१,४२८ | | | | | | | |
| 16. | Tile Polisher | 1 | 0 | 1500 | ६१,४२८ | | | | | | | |
| 17. | Welder | 1 | 0 | 1500 | ६१,४२८ | | | | | | | |
| 18. | Wood Door Carpenter/engraver | 1 | | 1500 | ६१,४२८ | | | | | | | |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असार २३ गते (7th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SUN RAY GLOBAL OVERSEAS PVT. LTD.
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202,
Email: sunray918@gmail.com, srgoverseas@gmail.com
LIC No. 918/067/68



## मलेसियामा रोजगार

कम्पनी : JW PROTECTION SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०७/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/१५ | LT. No. 333496 | चलानी नं. ६०२४७१७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 1 | 0 | 1700 | ६२,९७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असार २३ गते (7th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREAT NEPAL H.R PVT.LTD.
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Gulshan Kumar Yadav : 9820137108
E-mail : infogreatnepalhr2000@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081



## मलेसियामा रोजगार

कम्पनी : QUEBEC SECURITY SERVICES SDN BHD | शहर : Jalan Kencana

पूर्व स्वीकृति मिति : २०८२/१२/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/१५ | LT. No. 340205 | चलानी नं. ६०२५३७४२

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 50 | 0 | 1700 | ६३,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २३ गते (7th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1573/079/080
SHREESHA INTERNATIONAL PVT.LTD.
Koteshwor-32, Kathmandu, Nepal Tel: 01-5918931, 5918932 Mobile No : 9802352700
Email: info@shreeshainternational.com, www.shreeshainternational.com
For Location



## सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालय, वनेपा-१४, साँगा काभ्रेपलाञ्चोक

### मोटरसाईकल लिलाम बढाबढको शीलवन्दी दरभाउ/प्रस्ताव पेश गर्ने बारेको सूचना

(प्रथम पटक प्रकाशन मितिः २०८३/०३/१६)

यस वित्तीय संस्थाको सवारी साधनहरु गोप्य शीलबन्दी दरभाउपत्र मार्फत बिक्री गर्ने भएको हुँदा इच्छुक फर्म, संघ, संस्था वा व्यक्तिबाट आफूले खरिद गर्न चाहेको दर रेट खोली यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र शिलबन्दी दरभाउपत्र पेश गर्नका लागि सूचित गरिन्छ ।

**लिलाम बिक्री हुने मोटरसाइकलहरूको विवरण निम्नानुसार छ ।**

| S.N | Motercycle type | No. | Model: | Minimum Value |
|---|---|---|---|---|
| 1 | Hero Glamour (Black) | HDO/VHL/MCL BA 71 PA 1064 | 2015 | 29,800/- |
| 2 | Hero Glamour (Black) | HDO/VHL/MCL BA 71 PA 1065 | 2015 | 29,800/- |
| 3 | Hero Glamour (Black) | HDO/VHL/MCL BA 71 PA 1066 | 2015 | 30,300/- |
| 4 | CD Deluxe (Herohonda) | HDO/VHL/MCL BA 44 PA 50 | 2010 | 7,250/- |
| 5 | CD Deluxe (Herohonda) | HDO/VHL/MCL BA 44 PA 44 | 2010 | 8,250/- |
| 6 | Hero Moto Corp achiver | HDO/VHL/MCL/BA.84.PA 2253 | 2017 | 51,200/- |
| 7 | Hero Moto Corp achiver | HDO/VHL/MCL/BA.89.PA 3912 | 2017 | 51,200/- |

**पुनश्च**:
दरभाउपत्रको फारम केन्दीय कार्यालय तथा संस्थाको वेबसाइटबाट डाउनलोड गरी लिन सकिनेछ ।
यस सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार वित्तीय संस्थामा निहित हुनेछ । शर्तहरु लागू हुनेछन ।

**सम्पर्क**:
सामुदायिक लघुबित्त वित्तीय संस्था लिमिटेड ।
केन्द्रीय कार्यालय, वनेपा-१४, साँगा, काभ्रेपलाञ्चोक ।
फोन नं.- ०११-६६२२५१/६६०४५२, Web site : www.slbsl.com.np, Email : gs@slbsl.com.np



• GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL •

## तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५(पैंतिस) दिनको अत्यन्त जरूरी सूचना

प्रकाशिन मितिः २०८३/०३/१६

यस गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)को प्रधान कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीहरुले मोबाइल/स्मार्ट फोन कर्जा लिनु भएकोमा उक्त कर्जाको लिखत बमोजिम यस वित्तीय संस्थामा बुझाउनु पर्ने मासिक किस्ता लगायतका अन्य रकम समेत नबुझाई ऋण कर्जा सम्बन्धी शर्त एवं बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा तपाई ऋणीहरुलाई पटक पटक टेलिफोन मार्फत मौखिक रुपमा तरताकेता गर्दा समेत सो ऋण कर्जाको बाँकी बक्यौता किस्ता रकम चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले ऋणीहरुलाई सो ऋण कर्जाको सम्पुर्ण रकम चुक्ता भुक्तान गर्न आउनु हुन सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र तपाईहरुले यस वित्तीय संस्थामा सम्पर्क राखी उक्त ऋण कर्जाको सम्पुर्ण रकम अविलम्ब चुक्ता भुक्तान गर्नु होला अन्यथा संस्थाको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं प्रचलित कानून बमोजिम अन्य कुनै व्यवस्था गरी यस संस्थाको लेना रकम असुल उपर गरिने तर्फ कारवाही गरिने व्यहोरा सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई सूचित गरिन्छ । साथै नेपाल राष्ट्र बैंकको निर्देशानूसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको नाम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा समावेश गरिने ब्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

तपसिल

| क्र.सं | ऋणीको नाम | नागरिकता नम्बर | जारी जिल्ला | जारी मिति | बाबुको नाम | बाजेको नाम | ठेगाना |
|---|---|---|---|---|---|---|---|
| १ | अजय ठाकुर हजाम | ३३-०६-७६-०११२१ | बारा | २०७६/०७/२२ | ब्रहमदेव ठाकुर | नन्दु ठाकुर | सिम्रौनगढ-११, वारा |
| व्यक्तिगत जमानीकर्ता | सुनिल ठाकुर | ३३-०१-७५-००७१२ | बारा | २०७५/०१/२७ | सौखी ठाकुर | अमृत ठाकुर | सिम्रौनगढ-११, बारा |
| २ | अविरल तामाङ | २६१/४८६४१ | धादिङ् | २०६८/०५/२८ | हर्क बहादुर तामाङ | हिरा बहादुर तामाङ | थाक्रे-२, धादिङ् |
| व्यक्तिगत जमानीकर्ता | आगमन तामाङ | २६-०१-७२-०१५९१ | धादिङ् | २०७२/०३/१० | हर्क बहादुर तामाङ | हिरा बहादुर तामाङ | थाक्रे-२, धादिङ् |
| ३ | जीवन कुमार यादव | १५-०१-७३-०३८२१ | सिरहा | २०७३/०४/१७ | सत्यदेव यादव | राधे यादव | सिरहा-१३, सिरहा |
| व्यक्तिगत जमानीकर्ता | राम उदगार महतो | १५२००५/२३५१७ | सिरहा | २०७३/०५/२३ | रामभू महतो सुडी | निरस महतो | लहान-१, सिरहा |
| ४ | दिलमाया थोकर | ३८४२४९८४ | सर्लाही | २०५३/०२/१५ | सुकाम सिंह डिमडुम | मकान सिंह डिमडुम | ईश्वरपुर-४, सर्लाही |
| व्यक्तिगत जमानीकर्ता | गंगा बहादुर ठोकर | १९३०५६/१८९५ | सर्लाही | २०६३/१२/१५ | चन्द्र बहादुर ठोकर | सिंह विर ठोकर | ईश्वरपुर-७, सर्लाही |
| ५ | टुक बहादुर ढकाल | २४१०५७/१० | सिन्धुपाल्चोक | २०६६/०८/२६ | क्षेत्र बहादुर ढकाल | सिंह बहादुर ढकाल | मेलम्ची-१२, सिन्धुपाल्चोक |
| व्यक्तिगत जमानीकर्ता | डाली कुमारी ढकाल | २४-०१-७४-०४८८९ | सिन्धुपाल्चोक | २०७४/०७/०७ | चेमे सुनार | भुपे सुनार | मेलम्ची-१२, सिन्धुपाल्चोक |
| ६ | फैजान अहमद | १९-०१-७३-१०३१६ | सर्लाही | २०७३/०९/२४ | जमाल शेख | जैवउदा खातुन | सकौल-९, सर्लाही |
| व्यक्तिगत जमानीकर्ता | गुलाम महमद | १९-०२-७३-००७७७ | सर्लाही | २०७३/०२/१० | शेष फैज अहमद | सेक कसिव | हरिवन-११, सर्लाही |
| ७ | राम दरेश राय यादव | १९-०१-७४-११५१० | सर्लाही | २०७४/११/२३ | राम पुकार राय यादव | उपेन्द्र राय यादव | ब्रम्हपुरी-१, सर्लाही |
| व्यक्तिगत जमानीकर्ता | नथुनि साह | १७२६४१६८ | सर्लाही | २०५४/०१/११ | झखन साह तेली | थग साह | ब्रम्हपुरी-८, सर्लाही |
| ८ | वुद्धिमाया भोलन | २०३०३०/९९५ | सिन्धुली | २०६३/१२/०६ | विमान सिं घोले | आइतेमान घोले | मरिण-४, सिन्धुली |
| व्यक्तिगत जमानीकर्ता | आयूश भोलन | २०-०१-७३-०३७३२ | सिन्धुली | २०७३/०५/३० | प्रेम बहादुर भोलन | नुरवु सिंह भोलन | मरिण-२, सिन्धुली |
| ९ | दिपेन्द्र लामा मुक्तान | ३११०२३/८७३९३ | मकवानपुर | २०६८/०५/०८ | राम बहादुर मुक्तान | अर्जुन बहादुर मुक्तान | हेटौडा-२, मकवानपुर |
| व्यक्तिगत जमानीकर्ता | सालु क्षेत्री | ३१-०१-७२-०९५९६ | मकवानपुर | २०७२/१२/०१ | हरि बहादुर क्षेत्री | घले बहादुर क्षेत्री | हेटौडा-८, मकवानपुर |
| १० | धन कुमार थोक्लेङ | ०२-०२-७६-००२३२ | पाँचथर | २०७६/०३/०४ | सोम बहादुर थोक्लेङ | देउमन थोक्लेङ | तुम्वेवा-४, पाँचथर |
| व्यक्तिगत जमानीकर्ता | देव शेर्मा | ०२-०५-७०-०२४११ | पाँचथर | २०७०/०२/०५ | लोक प्रसाद शेर्मा | धनशेर शेर्मा | वोलने-३, पाँचथर |
| ११ | पुनम देवी | ३३३०७९/११२० | बारा | २०६३/११/२५ | कपील देव प्रसाद जयसवाल | नारायण प्रसाद जयसवाल | जीतपुरसिमरा-७, बारा |
| व्यक्तिगत जमानीकर्ता | रुबी खातुन | ३४-०१-७२-०६५७१ | पर्सा | २०७२/११/१३ | लखु मिया अंसारी | युनुस मिया | चोर्नी-७, पर्सा |
| १२ | राजु खड्का | ४४/१९३ | धादिङ् | २०६२/०८/२६ | भोज बहादुर खड्का | गणेश बहादुर खड्का | गल्छी-७, धादिङ् |
| व्यक्तिगत जमानीकर्ता | नवराज धिताल | २६२०४१/४९७ | धादिङ् | २०७०/०२/०२ | कृष्ण प्रसाद धिताल | गोदि चन्द्र धिताल | गल्छी-७, धादिङ् |
| १३ | सविन पोखरेल | १४-०१-७१-०३८३३ | उदयपुर | २०७१/०८/०९ | जगदिश पोखरेल | युद्दराज पोखरेल | त्रियुगा-१६, उदयपुर |
| व्यक्तिगत जमानीकर्ता | राम दयाल यादव | १५-०१-७०-०६५८९ | सिराहा | २०७०/०१/२९ | कपिलेश्वर यादव | सहदेव यादव | कुशहा लक्ष्मीनियाँ-५, सिराहा |
| १४ | मुकेश कुमार महरा | १५-०१-७८-१८७६० | सिरहा | २०७८/१२/२१ | राम खेलावन महरा | दुखिया महरा | मिर्चैया-११, सिरहा |
| व्यक्तिगत जमानीकर्ता | इन्द्रजित कुमार महरा | १५-०१-६९-०२२४३ | सिराहा | २०६९/०६/१४ | राम खेलावन महरा | दुखिया महरा | सितापर प्र.रा.-४, सिराहा |

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

केन्द्रिय कार्यालय
हात्तीसार, काठमाण्डौं, पो.ब.नं. ८८६७
फोनः ४५४४०३९, फ्याक्सः ४५४३४१४
इमेलः info@goodwill.net.np

• GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL •

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# स्टन्ट र प्रतिशोध होइन, विधिको शासन बुझ

**वालेन्द्र शाह नेतृत्वको सरकार एकपछि अर्को कदममा चुक्न थालेको छ । खासगरी सरकार सञ्चालनमा प्रशासकहरूको सहयोग लिनुभन्दा तर्साउने र थुन्ने प्रवृत्तिले आफैं भुमरीमा फस्न थालेको हो । प्रधानमन्त्री शाह 'नेपालले पनि भारतको जग्गा मिचेको रहेछ' भन्ने अभिव्यक्तिले विवादमा तानिएका थिए । संसद्मै दिएको यो अभिव्यक्तिको विषयमा प्रतिपक्षीले जवाफ माग्दा उनले कुनै तर्क प्रस्तुत गर्न सकेका छैनन् । यता राहदानी छपाइ प्रकरणमासमेत वालेन्द्र सरकारको रणनीति निकै कमजोर देखिएको छ । राजनीतिक प्रतिशोध लिने तयारीका साथ सरकार ६४ लाख थान राहदानी छपाइसम्बन्धी ठेक्का तोड्न तम्सियो ।**

**यो प्रकरणमा सरकारले संवैधानिक आयोग अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई आफ्नो पञ्जामा ल्याउने कोसिस गऱ्यो । अख्तियारको नेतृत्वमा रहेका व्यक्ति पनि लुसुलुसु सरकारको पछि लाग्यो । झण्डै दुई हप्ता यो विषयमा राहदानी विभागका महानिर्देशकदेखि विभिन्न व्यक्तिमाथि छानबिन गऱ्यो । यो विषयमा अख्तियारले प्रधानमन्त्री शाहकै दबाबमा विशेष अदालतमा मुद्दा हाल्यो । विशेषले सोमबार विभागका कर्मचारीलाई धरौटीमा रिहा गर्न आदेश दिएको छ ।**

**खासगरी प्रतिस्पर्धी कम्पनीको कुरा सुनेर प्रधानमन्त्री शाहले आफ्नो सचिवालय लगाएर यो मुद्दा अघि बढाएका थिए । यो मुद्दामा खासै पार लाग्ने नदेखिएपछि सरकार एकाएक पछाडि हटेको छ । योसँगै सरकारले जर्मन कम्पनीसँग ठेक्का रद्द नगर्नेमा परराष्ट्र मन्त्रालय ढुक्का देखिएको छ । सुशासनको नारा बोक्दै हरेक दिन सरकारमा खरो उत्रने प्रतिबद्धता जनाएको सरकारले पछिल्लो दिन निकै अपरिपक्व पारा देखाइरहेको छ । जसका कारण जुन उत्साहका साथ जनताले मत दिएका थिए, त्यो निराशामा बदलिन थालेको छ । सुकुमबासी व्यवस्थापन गर्न नसक्दा माइतीघरमा आन्दोलन हुन थालेको छ । यो पाराले हतारमा निर्णय, फुर्सदमा पछुताउने शैलीमा सरकार अघि बढिरहेको प्रस्टै देखिन्छ ।**

**राहदानी ठेक्का रद्द भएको भए, नयाँ टेण्डर प्रक्रिया र छपाइ सुरु हुन महिनौं लाग्ने थियो । यसले बजारमा राहदानीको हाहाकार मच्चिने थियो र वैदेशिक रोजगारी, शिक्षा वा स्वास्थ्यका लागि विदेश जानुपर्ने लाखौं युवाहरू मर्कामा पर्ने थिए । अदालतको आदेशले तत्कालका लागि यो सेवा प्रवाहको संकट त टारेको छ, तर सरकारको हचुवा गृहकार्यले देशलाई ठूलो प्रशासनिक दुर्घटनातर्फ धकेल्दै गएको देखिन्छ । तीन महिनाको यो अवधि सरकारको कार्यशैली देखेर ६०० भन्दा बढी राष्ट्रसेवक कर्मचारीले राजीनामा दिइसकेका छन् । सरकारले सिक्ने नाममा यसरी नै 'ट्रायल एण्ड एरर' गरिरहने छुट अबका दिनमा दिन सकिँदैन । विधिको शासन प्रधानमन्त्री शाहले बुझ्नुपर्छ ।**

## श्रम सरोकार

# सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

### के–के छन् फाइदा ?

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

### नियमित योगदान नगरे के हुन्छ ?

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

## बालअधिकारको सवाल

# प्रतिबद्धता र कार्यान्वयनबीचको खाडल



❑ मनोहर कार्की

> बालबालिकाको नैसर्गिक अधिकारको प्रत्याभूति तथा बालअधिकारको कार्यान्वयनको दिशामा सरकारी तथा सरोकारवाला निकायहरूको जुन मानेमा सदाशयता र तत्परता देखाउनुपर्ने थियो त्यसको गुञ्जायसको गहनतालाई मनन गरिएको पाइँदैन । बालअधिकारको हननमा कुनै न कुनै रूपमा हाम्रो परम्परा तथा कार्यशैली जिम्मेवार रहेको छ । बालश्रमिकका रूपमा सयौं बालबालिकाहरु जोखिमपूर्ण र निकृष्ट कार्य गर्न बाध्य छन् । घरेलु श्रमिकका रूपमा आश्रित बालबालिकाको संख्या पनि हाम्रो समाजमा बग्रेल्ती छ ।

बालअधिकारका मूल्य मान्यताका विश्वव्यापी प्रचलनको कुन हदसम्म बालबालिकाले उपयोग गर्न सके र राज्य सञ्चालकले वालबालिकाको नैसर्गिक अधिकारको संरक्षण र प्रवर्द्धनको दिशामा के कति काम भए समीक्षाको विषय रहला । नेपालको संविधानको मौलिक हकका रूपमा बालअधिकारलाई आधारभूत अधिकारका रूपमा उल्लेख गरिएको छ । बालअधिकारका सवाल यससम्बन्धी ऐन, नियमावलीलगायतमा बग्रेल्ती व्यवस्था भएका छन् । तर पनि बालअधिकार र बालबालिकाका हितका सम्वर्द्धनमा धेरै कार्य अपुग छन् । बालअधिकारका सन्दर्भमा बालअधिकारका आयामिक पाटालाई साझा सरोकारको सवाल र मुद्दाका रूपमा लिएर सम्बोधन हुन सकेको खण्डमा हाम्रा विगतका प्रयासले सार्थकता पाउन सक्लान् ।

बालअधिकारका सवालमा सधैं वहस पैरवी र यसको संरक्षण प्रवर्द्धनका दिशामा विभिन्न कोण प्रतिकोणबाट आवाज मुखरित भएका छन् । केही समय अघिको जेन-जी आन्दोलन पनि उमेर समूहका हिसाबले नवयुवाहरूको उल्लेख्य सहभागिता रह्यो । विमति, विरोध तथा केही हदसम्म शासक र शासनशैलीको विरोधका आवाजहरू मुखरित भएका थिए । तिनै नवयुवा र बालबालिकाका हक अधिकारको संरक्षणमा राज्यपक्ष उदार हुनुपर्नेमा दुईमत नरहला । सुशासन र भ्रष्टाचारप्रतिको शून्य सहनशीलतालाई सरकारले पहिलो प्राथमिकतामा राखेर कार्यसम्पादनको पक्षलाई सम्बोधन गर्नुपर्दछ ।

सन् १९४८ मा संयुक्त राष्ट्रसंघको प्रयासमा बालअधिकारसम्बन्धी १० बुंदे घोषणपत्र तयार गरी विश्वव्यापीरूपमा प्रचारप्रसार गरियो । बालअधिकारको ड्राफ्ट तयारी र लामो समयान्तरको संस्थागत प्रयासपश्चात् सन् १९८९ को नोभेम्बर २० तारेखका दिन विधिवत्‌रूपमा संयुक्त राष्ट्रसंघले राष्ट्रसंघीय महासभाबाट बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि पारित गऱ्यो । पछिल्लो वर्ष सन् १९९० सेप्टेम्बरदेखि बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि कार्यान्वयनमा आयो । साथै, नेपालले पनि यस महासन्धिमा पक्षकार राष्ट्रको हैसियतले हस्ताक्षर गरेपश्चात् नेपालमा पनि विधिवत्‌रूपमा कार्यान्वयनमा आयो । सन् १९२३ मा बेलायती बालअधिकारका अग्रज अभियन्ता इंग्लिस्टन जेबको पहलमा विश्वमा बालअधिकारको आवाजले सार्वजनिक सरोकारको मुद्दाका रूपमा विश्वमञ्चको ध्यान आकर्षित गऱ्यो । तत्पश्चात् बालधिकारको बहसलाई विश्वका विभिन्न मुलुक तथा संस्थागतरूपमा उठानका प्रयासले निरन्तरता पायो ।

बालअधिकारको कार्यान्वयनको प्रत्याभूतिका लागि हाम्रा विद्यमान कानुन तथा ऐन नियमलाई समयसापेक्ष कार्यान्वयन गर्ने, बालबालिकाका हितलाई प्रत्याभूति दिलाउने दिशामा उपयोग गरिनु पर्दछ । मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय घोषणपत्र-१९४८ को धारा २६ मा शिक्षा पाउने अधिकार सबैलाई छ भन्ने उल्लेख भएअनुसार हाम्रो सरकारको नैतिक र कानुनी दायित्वभित्र यसको अक्षरशः पालना र प्रतिबद्धताका साथ लागू गर्न नेपाल सरकार दृढताका साथ उभिनुपर्दछ । नागरिक र राजनीतिक अधिकारसम्बन्धी अभिसन्धि १९६६ मा 'प्रत्येक व्यक्तिले शिक्षा आर्जन गर्न पाउनुपर्छ' भन्ने उल्लेख छ । नेपाल सरकारले सन् १९९१ मे १४ मा यस अभिसन्धिमा विधिवत् हस्ताक्षर गरेपश्चात् कार्यान्वयन तहमा ल्याउनु नेपाल सरकारको वैधानिक दायित्वभित्र पर्ने विषय हो ।

सामाजिक संस्थाले कार्यक्रमका साथ र राजनीतिक दलले बालअधिकार र बाल हितका सवालमा आफ्ना दलका नीति तथा कार्यक्रमिक जनपरिचालनमा कुनै न कुनै रूपमा कार्यक्रम उल्लेख गरेका छन् । बालकल्याण र बालअधिकारको कार्यान्वयनका दिशामा प्रतिबद्धता पनि आएकै छन् । संकल्प, प्रतिबद्धता वा घोषणपत्रमा उल्लिखित सोच, नीति र कार्यक्रमलाई ठोस मानेमा दृढताका साथ काम गराइको बानीमा रूपान्तरण गर्नु छ । अन्तर्राष्ट्रिय बालअधिकार दिवसको सन्दर्भमा बालअधिकारको न्यूनतम् मापदण्डलाई गाउँबस्ती तथा दूरदराजका बालबालिकाको घरआँगन करेसासम्म विचरण गर्ने वातावरण बनाउनुपर्दछ । न्यायपूर्ण, समावेशी, सहभागितामूलक र समन्यायिक प्रणाली लोकतन्त्रको मियो हो ।

बालबालिकाको नैसर्गिक अधिकारको प्रत्याभूति तथा बालअधिकारको कार्यान्वयनको दिशामा सरकारी तथा सरोकारवाला निकायहरूको जुन मानेमा सदाशयता र तत्परता देखाउनुपर्ने थियो त्यसको गुञ्जायसको गहनतालाई मनन गरिएको पाइँदैन । बालअधिकारको हनन्मा कुनै न कुनै रूपमा हाम्रो परम्परा तथा कार्यशैली जिम्मेवार रहेको छ । बालश्रमिकका रूपमा सयौं बालबालिकाहरू जोखिमपूर्ण र निकृष्ट कार्य गर्न बाध्य छन् । घरेलु श्रमिकका रूपमा आश्रित बालबालिकाको संख्या पनि हाम्रो समाजमा बग्रेल्ती छ ।

उद्योग तथा कलकारखानामा सयौंका संख्यामा कलिला बालबालिकाहरू निकृष्ट र निकै जोखिमपूर्ण कार्य गर्न बाध्य पारिएको अवस्थामा यस्ता बालबालिकाहरूको उद्धार तथा शिक्षादीक्षा र उचित जीवनयापनको वातावरण बनाउने दिशामा सहरबजारमा केन्द्रित बग्रेल्ती गैरसरकारी संस्थाहरूको ध्यान कहिले पुग्ने हो कुन्नि ? बाल उपयोगी कार्यक्रम अनि विकास र अवसरको खोजी र उचित मार्गदर्शनको प्रतीक्षा छ । हामीले बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमा एक पक्षकार राष्ट्रका हैसियतले अनुमोदन गरेपश्चात् त्यसको दायित्वबोधको अपनत्व लिएका छौं । नेपालको संविधान २०७२ मा बालअधिकारलाई समेटिएका मौलिक हकका प्रावधान रहेका छन् । जसको अक्षरशः पालनाका दिशामा व्यावहारिक दायित्वबोधका साथ सरकारले जुन रूपमा चासो लिएको छ त्यसमा अझ प्रभावकारिता ल्याउने दिशामा धेरै काम हुन सकिरहेको छैन । संविधानको भाग ३ को धारा ३९ का उपधारा १ देखि ९ सम्ममा बाल हकका बहुआयामिक पाटालाई समावेश गरिए पनि सरोकारवाला निकायले हक कार्यान्वयनमा प्रतिबद्धताका साथ काम गर्नुपर्दछ । बालअधिकारको उल्लंघनमा दण्ड सजायको पेचिलो कार्यान्वयन बाल हकको प्रत्याभूतिको सोपान रहला ।

पछिल्ला घटनाक्रमको सतही विश्लेषण गरिएको खण्डमा नेपालका विभिन्न क्षेत्रमा बालबालिकाको अपहरण, दुर्व्यवहारका घटनाहरू बढ्दो क्रममा छ । यस्ता अमानवीय तथा कुत्सित कार्यको निन्दा र भर्त्सना समाजलाई सचेत गराउने पाटो रहला । तर यस्ता जघन्य अपराधलाई निर्मूल गर्ने दिशामा अपराध मनोविज्ञान तथा सामाजिक संरचनका विविध पाटामा गम्भीर खोजी तथा अनुसन्धानले महत्त्व राख्छ । आपराधिक घटनाले हाम्रो समाज आजित र त्रसित छ । आमजनताले राज्यको दरिलो उपस्थिति र न्यायको खोजी गरिरहेको छ । बालबालिकाहरू हराउने क्रम निरन्तर रहनु सामाजिक विडम्बना हो, जसको समाधानमा सामाजिक दायित्वबोध अपरिहार्य छ ।

तुलनात्मकरूपमा सहरी क्षेत्रभन्दा ग्रामीण क्षेत्रका बालबालिकाहरू हराउने गरेको तथ्यांकले पुष्टि गरेको छ । बालबालिका खोजतलास तथा उद्धारका लागि बालबालिका खोजतलास समन्वय केन्द्र, बाल संरक्षण समितिलगायतका निकायले निरन्तर प्रयास गरी आए पनि आशातीत सफलता पाउन नसकिएको यथार्थता छर्लंग छ । साथै, बाल श्रमिकका रूपमा बालबालिकाहरूलाई विभिन्न क्षेत्रमा प्रयोग अर्को चुनौती रहेको छ । कारखाना तथा औद्योगिकलगायतका क्षेत्रमा निकृष्ट तथा अति जोखिमपूर्ण काममा अझै पनि सयौं बालबालिकाहरू प्रयोग भइरहेको सन्दर्भमा बालश्रम निषेधसम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयनमा चुनौती थपिएको छ ।

बालबालिकाका हित र विकासका सवालमा मौलिक हक तथा निर्देशक सिद्धान्तमासमेत संवैधानिक प्रतिबद्धता भएको पाइन्छ । प्रत्येक बालबालिकालाई पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गर्ने हक संविधानले सुनिश्चित गरेको छ । त्यस्तै प्रत्येक बालबालिकालाई शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषणविरुद्धको हक हुने व्यवस्था छ । शोषणजन्य कार्य कानुनद्वारा दण्डनीय रहने र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारण गरेबमोजिम क्षतिपूर्ति दिनुपर्ने हुन्छ । यसैगरी संविधानमा स्पष्टरूपमा असहाय, अनाथ, सुस्त मनस्थिति, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा परेका सडक बालबालिकलाई सुनिश्चित भविष्यका लागि राज्यबाट विशेष सुविधा पाउने हक हुने छ भन्ने व्यवस्था छ । कार्यान्वयन पक्षलाई अझ दरिलो र परिणाममुखी समयसापेक्ष बनाइनुपर्छ ।

प्रत्यक्ष र परोक्षरूपमा बालबालिकाको हक अधिकारको उल्लंघनका घटना सामान्यतः हाम्रै सामाजिक परिवेशका क्षेत्रमा बढी पाइएका छन् । बालअधिकारको संरक्षण, बालमैत्री शासन र शैक्षिक वातावरण निर्माणमा सरोकारवाला निकाय गम्भीर हुनुपर्दछ । बालअधिकार सार्वजनिक प्रतिबद्धता र कार्यान्वयनको वातावरणसहित बालअधिकार सुनिश्चित होस् ।






✍ बैकुण्ठ भण्डारी

# इतिहास नियाल्दै पिपलबोट

न्युरोडको पिपलबोट अहिले पनि उस्तै छ । फरक यत्ति हो, पहिले पिपलको छहारीमा मानिसहरू समाचार पढ्थे, अहिले मोबाइलको स्क्रिनमा औंला घोट्छन् । पहिले बिहानै पत्रिका बेच्नेहरू 'गोरखापत्र, रन्को, जनताको शपथ, कमाण्डर' भन्दै कराउँथे । अहिले त्यही ठाउँमा टिकटक र फेसबुकका रिलहरूको रिङटोन मोबाइलमा कराउँछ ।

एक समय थियो, यही पिपलबोटबाट सरकार बन्थे, सरकार ढल्थे । एउटा शीर्षकले मन्त्रीको निद्रा हराउँथ्यो । अहिले एउटा 'भाइरल' भिडियोले देशको राजनीति चलाउँछ । त्यही ऐतिहासिक पिपलबोटमा एक दिन फेरि मटचांग्रो र उसको जिग्री साथी बैरीको भेट भयो ।

'ओए बैरी !' मटचांग्रोले टाढैबाट करायो ।

'ए मटचांग्रो ! तँ पनि जीवितै रहेछस् ?' 'किन मर्ने ? देशमा भ्रष्टाचार बाँकी छ, नेताहरू बाँकी छन् । यत्रो सामग्री हुँदा व्यंग्यकार कसरी मर्छ ?'

दुवै हाँसे... ।

पिपलको फेदमा ओछ्याएको ढुंगामा बसे । केहीबेर दुवैले वरिपरि हेरे । मटचांग्रोले लामो सास फेऱ्यो । 'यही ठाउँमा पहिले बिहानै पत्रपत्रिका किन्नेहरूको भीड हुन्थ्यो । अहिले हेर्न त परै जाओस्, एउटा पत्रिका बेच्ने पनि छैन ।' बैरीले मोबाइल निकाल्दै भन्यो, 'पत्रिका किन्ने मान्छेभन्दा चार्जर खोज्ने धेरै छन् ।' 'त्यही त ।' 'पहिले समाचार खोजिन्थ्यो, अहिले सनसनी खोजिन्छ ।' 'पहिले सम्पादकीय पढिन्थ्यो, अहिले कमेन्ट ।'

फेरि दुवै हाँसे ।

मटचांग्रोले पिपलको रुखतिर हेर्दै भन्यो, 'यो पिपलले कति इतिहास देख्यो होला ।' बैरीले सहमति जनायो । 'राणा शासनको अन्त्यदेखि पञ्चायत, बहुदल, जनयुद्ध, गणतन्त्र, जेन-जी, फेन-जी खै के-के सबै देख्यो ।' 'अब टिकटकतन्त्र पनि यही पिपलले देख्यो ।' बैरी हाँस्दै भन्यो, 'अब देश चलाउने संसद् होइन, ट्रेण्डिङ हचासटचाग हो ।' त्यत्तिकैमा कुरा भदौ २३ र २४ को जेन-जी आन्दोलनतिर मोडियो । मटचांग्रो केही उत्साहित देखियो ।

'मलाई त त्यो आन्दोलन ठीक लागेको थियो ।' बैरीले आँखा तरेर हेऱ्यो । 'किन ?' 'कम्तीमा भ्रष्टाचारविरुद्ध त उठेका थिए ।' 'उठेका थिए कि उठाइएका थिए ?' 'के भन्न खोजेको ?' 'भाइ, नेपालमा कुनै आन्दोलन आफैं उठ्दैन । कसैले उठाउँछ ।'

मटचांग्रो रोकियो ।

'तर युवाहरू त परिवर्तन चाहन्थे ।'

बैरी मुसुक्क हाँस्यो, 'परिवर्तन ?' 'हो ।' 'कसको ?' उसले सोध्यो तुरुन्तै जवाफ आयो 'देशको ।'

'अनि पछि ?'

'पछि के ?'

'परिवर्तन देशको भएन, पार्टीको भयो ।' बैरीले भन्यो, 'हिजो माओवादीले पनि त्यही भनेका थिए ।'

'के ?'

'भ्रष्टाचार अन्त्य गर्छौं । समानता ल्याउँछौं । गरिबको शासन ल्याउँछौं । जनताको राज्य बनाउँछौं ।' मटचांग्रो चुप लाग्यो । बैरीले फेरि भन्यो, 'त्यसबेला गाउँ-गाउँमा आगो लाग्यो । घर जलाइयो । सामन्तका नाममा मान्छे रेडिए, सुराकीका नाममा मास्टर झुण्ड्याइए । मानिस विस्थापित भए । हजारौं मारिए । सबैको नारा एउटै थियो नयाँ नेपाल ।'

मटचांग्रोले प्रतिवाद गऱ्यो, 'तर जेन-जी आन्दोलन त्यस्तो थिएन ।' बैरी हाँस्यो, 'नाममात्रै फरक । विधि उस्तै, रिस उस्तै, भावना उस्तै, अन्त्य पनि उस्तै हुने डर छ ।' यत्तिकैमा एउटा परिचित अनुहार पिपलबोटतिर आयो । सेतो कपाल । पुरानो झोला । हातमा जनताको शपथ मुख्य नारा बोकेको जनशपथ पत्रिका । उनी थिए, पत्रकार राजन दाइ । मटचांग्रोले सम्मानसहित उठेर दुई हात जोडेर अभिवादन गऱ्यो ।

'दाइ नमस्कार, बसौं न !'

राजन दाइ पनि उनीहरूसँगै बसे । बैरीले सोध्यो, 'दाइ, तपाईंले त धेरै आन्दोलन देख्नुभयो ।' राजन दाइ मुस्कुराए, 'त्यतिमात्र होइन, धेरै नेताको जन्म र पुनर्जन्म पनि देखें ।' मटचांग्रोले सीधै प्रश्न गऱ्यो, 'जेन-जी आन्दोलन र अहिलेको अवस्था कस्तो लाग्यो ?' राजन दाइले चस्मा मिलाए र भने, 'मलाई त माओवादी आन्दोलनको ट्रेलर फेरि हेरेजस्तो लाग्यो ।' दुवै अचम्म परे ।

'किन दाइ ?'

'किनभने सुरुवातमा सबैले जनताको कुरा गर्छन् । त्यसपछि आफ्ना नेताको र अन्त्यमा आफ्नै कुर्सीको ।' राजन दाइले विस्तारै भन्न थाले, 'माओवादीले गाउँमा घर जलाए । जेन-जी आन्दोलनका नाममा सिंहदरबारमा आगो लाग्यो ।' दुवैले विद्रोह गरे । दुवैले व्यवस्था बदल्ने सपना देखाए । दुवैले जनताको भावना उपयोग गरे ।

बैरीले थप्यो, 'अनि ?'

राजन दाइ हाँसे, 'अनि विद्रोह सकिएपछि नेता गाडी चढे । जनता बस कुर्दै बसे । मटचांग्रोले केही अहसजजस्तै गरी बोल्यो । सबै एउटै हुन्छन् र ?' राजन दाइले उत्तर दिए, 'नेपालमा क्रान्ति गर्नेहरू धेरै छन् । क्रान्ति सहनेहरू अझ धेरै । तर क्रान्तिको लाभ लिनेहरू गन्न सजिलो छ ।'

पिपलको पात हल्लियो । हावाले केही सुक्खा पात तल झारिदियो । राजन दाइले एउटा पात उठाए । यो पात जनता हो । रुख नेता । हावा आन्दोलन । हावा चल्दा पात झर्छ । रुख भने उभिइरहन्छ । मटचांग्रो चुपचाप सुनिरहेको थियो । उसले बिस्तारै भन्यो, 'तर भ्रष्टाचार त अन्त्य हुनुपर्छ ।'

राजन दाइले भने, 'निश्चय हुनुपर्छ ।'

'तर भ्रष्टाचारविरुद्ध आन्दोलन गर्नेले आफू भ्रष्ट नहुने ग्यारेन्टी पनि दिनुपर्छ,' बैरी हाँस्दै भन्यो ।

'नेपालमा आन्दोलन भनेको जागिरको इन्टरभ्युजस्तो भयो । पहिले धेरै प्रतिज्ञा । पछि कुर्सी । त्यसपछि जनता ब्लक,' राजन दाइले थपे, 'हिजोका विद्रोही पनि मन्त्री बनेर आलिसान महल जोडे । आजका विद्रोही पनि मन्त्री बनेका छन् । पद पाउनुभन्दा अगाडि नै सयौं तोला सुन र महल जोडिसकेका छन् ! फरक यत्ति हो- पहिले बन्दुक थियो, अहिले फेसबुक लाइभ छ ।'

मटचांग्रोले मोबाइल निकाल्यो । समाचार हेऱ्यो । 'फेरि अर्को आन्दोलनको चर्चा,' उसले गम्भीर हुँदै भन्यो, 'दाइ, अब के गर्ने ?' राजन दाइ मुस्कुराए, 'पहिले पढ्ने, सोच्ने, प्रश्न गर्ने अनिमात्र पछ्याउने ।' बैरीले वरिपरि हेर्दै भन्यो, 'पत्रिका हराएपछि प्रश्न पनि हराए ।' राजन दाइले सहमति जनाए, 'हो ।'

अब शीर्षक पढेर निर्णय हुन्छ । समाचार पढ्ने धैर्य छैन । इतिहास सम्झने फुर्सद छैन । पिपलबोट वरिपरि मानिसहरूको चहलपहल बढ्दै थियो । कोही सेल्फी खिच्दै त कोही लाइभ गरिरहेका थिए । कसैले राजनीतिलाई गाली गरिरहेका थिए । कसैले फेरि अर्को नेताको जयजयकार । राजन दाइ मुस्कुराए, 'नेपालमा जनता कहिल्यै हार्दैनन् ।'

मटचांग्रो उत्साहित भयो, 'साँचै ?'

'हो । किनकि जनता हरेक पाँच वर्षमा फेरि आशा गर्न तयार हुन्छन् ।' बैरीले टाउको हल्लायो, 'हामी साँच्चै आशावादी जनता रहेछौं । हात्ती आयो... हात्ती आयो... भन्दै दौडिन्छौं । अन्त्यमा के हुन्छ ?'

मटचांग्रोले उत्तर दियो, 'फुस्सा ।'

राजन दाइ उठे । झोला काँधमा भिरे । जाँदाजाँदै उनले अन्तिम कुरा भने, 'क्रान्ति नारा होइन । क्रान्ति आगो पनि होइन । क्रान्ति त नागरिकको चेतना हो । जबसम्म चेतना आउँदैन, नेपालमा हरेक दशक नयाँ नामको आन्दोलन आउँछ । पुराना अनुहार नयाँ झण्डा बोकेर आउँछन् । जनताले फेरि विश्वास गर्छन् । नेताले फेरि शासन गर्छन् । अनि इतिहासले फेरि उही वाक्य लेख्छ- **हात्ती आयो, हात्ती आयो, फुस्सा !**'



**टयांकरबाट पानी वितरण** | दाङको तुलसीपुर उपमहानगरपालिकाको घोराही रोडमा टयांकरबाट खानेपानी वितरण गरिँदै । *तस्बिरः रासस*

# बाँकेमा खेतका फाँट धुलाम्मे



**नेपालगञ्ज (बाँके)–** यस वर्ष असारमा पनि पर्याप्त वर्षा नहुँदा बाँकेका खेतका फाँट धुलाम्मे देखिएका छन् । जिल्लाका केही स्थानमा बीउ राखेको खेतको ब्याडमा धाजा फाटेको छ ।

असारमा पनि खेतका फाँट धुलाम्मे भएको देख्दा बाँकेको राप्तीसोनारी गाउँपालिका-७ फत्तेपुरका किसान धुमलिया थारूले विगत वर्षहरूमा यस्तो समस्या भोग्न नपरेको सुनाए । 'वैकल्पिक सिँचाइ वा पानी लाग्ने अवस्था छैन, त्यसैले हामीलाई धेरै गाह्रो छ,' उनले भने । आफ्नो १० कट्ठामात्रै खेत रहेको उल्लेख गर्दै थारुले परिवार पाल्न करिब डेढ बिघा क्षेत्रफलमा धानखेती गर्दै आएको बताए । यसपटक पर्याप्त वर्षा नभए धानको उत्पादन घट्दा त्यसको प्रत्यक्ष असर उनको परिवारमा पर्ने निश्चित छ ।

बर्सेनि (बटैया) अधिया धानखेती गरेर करिब १० क्विन्टल धान उत्पादन हुने गरेको अनुभव सुनाउँदै थारुले भने, 'जति सकिन्छ त्यति नै रोप्ने हो तर अहिलेसम्म वर्षा भएको छैन ।'

सिक्टा सिँचाइका सुविधा भएका स्थान र डिपबोरिङमार्फत हुने सिँचाइबाट बाँकेका केही स्थानीय तहमा रोपाइँ गरिएको छ । तर अधिकांश खेतका फाँट धुलाम्मे देखिएका छन् । खासगरी डुडुवा, नरैनापुर र राप्तीसोनारीका दक्षिणी भेगका खेत धुलाम्मे अवस्थामा छन् ।

कृषि ज्ञान केन्द्र बाँकेका प्रमुख विनोद घिमिरेले वर्षा नभएका कारण आत्तिनुपर्ने अवस्था नरहेको उल्लेख गर्दै भदौको पहिलो सातासम्म रोपाइँ गर्न मिल्ने बताए । उनले अहिले पनि किसानका ब्याडमा रहेको बीउ ठूलो नभएकाले जिल्लाको उत्तरी भेगमामात्रै केही मात्रामा रोपाइँ भएको जानकारी दिए ।

'अब केही दिनमा वर्षा सुरु हुँदै छ, त्यसबेला खेत बनाउन पनि समय लाग्छ, त्यसैले एक सातापछि बाँकेमा रोपाइँ सुरु होला,' प्रमुख घिमिरेले भने । गत वर्ष जिल्लामा कूल खेतीयोग्य जमिनमध्ये तीन हजार हेक्टरमा रोपाइँ भएको थियो । रोपाइँ हुने क्षेत्रफल कूल ३४ हजार ७११ हेक्टर जमिनमध्ये गत वर्ष ११ प्रतिशतमात्रै रोपाइँ भएको थियो । तर अहिले असार १२ गतेसम्म जिल्लाका केही भेगबाहेक अधिकांश क्षेत्रमा रोपाइँ भएको छैन ।

कृषि ज्ञान केन्द्र नेपालगञ्जका अनुसार असार १२ गतेसम्म धान रोपाइँ हुने कूल ३३ हजार ७८० हेक्टर जमिनमध्ये १६८.९ हेक्टरमा रोपाइँ भएको छ । प्रतिशतका आधारमा यस रोपाइँलाई ०.५ प्रतिशतका रूपमा लिन सकिन्छ । ज्ञान केन्द्रका अनुसार कतिपय स्थानमा त किसानले वर्षा नहुँदा धानको ब्याडसमेत राख्न पाएका छैनन् । *रासस*

# मंगलाघाटमा बस्ती संरक्षण योजना कार्यान्वयनमा

**म्याग्दी–** म्याग्दी नदीको बाढी र कटानको जोखिममा रहेको बेनी नगरपालिका-७ मंगलाघाटमा बस्ती संरक्षण योजना कार्यान्वयनमा आएको छ । जलस्रोत तथा सिँचाइ व्यवस्थापन आयोजना कास्कीले मंगलाघाटस्थित म्याग्दी नदीको किनारमा 'कम्पोजित' प्रविधिको पर्खाल निर्माण गरेको हो ।



मंगलाघाटस्थित म्याग्दी नदीको किनारमा ५५ मिटर लामो कम्पोजित प्रविधिको पर्खाल निर्माण भएको आयोजनाका इन्जिनियर नरजङ गुरुङले बताए । उनका अनुसार नदी किनारको तल्लो भागमा चार मिटर अग्लो आरसिसी र माथिल्लो भागमा तीन मिटर अग्लो ग्याबियन पर्खाल निर्माण भएको छ । योजना निर्माणका लागि निर्माण कम्पनीसँग २०८२ फागुन १० गते ९९ लाख १९ हजार रूपैयाँमा ठेक्का सम्झौता भएको थियो ।

यही असार १९ गतेसम्म ठेक्का सम्झौताको म्याद रहेकोमा लक्ष्य अघि नै सम्पन्न भएको हो । इन्धन र निर्माण सामग्रीको मूल्यवृद्धिका बाबजुद उपकरण र मजदुर परिचालन तथा निर्माण सामग्री व्यवस्थापन गरेर समयमै योजना निर्माण गरेको व्यवसायीले बताएका छन् ।

यसअघि ंगलाघाटमा आयोजनामार्फत विभिन्न चरणमा ५०० मिटरभन्दा बढी लामो पर्खाल निर्माण भइसकेको छ । बेनी बजारको पश्चिमी भागमा रहेको मंगलाघाटमा २०० भन्दा बढी घर, सरकारी कार्यालय र कर्मचारी आवास भवन छन् ।

आयोजनाले बेनी बजारमा कटान र बाढी नियन्त्रण गर्न विगतदेखि नै आयोजना सञ्चालन भएको छ । बेनीलाई सरकारले नदी कटानका हिसाबले जोखिमयुक्त जिल्ला सदरमुकामको सूचीमा राखेको छ ।

योजनाका प्रमुख विदुर श्रेष्ठले नदी कटान र पहिरोको जोखिममा रहेका म्याग्दी, मुस्ताङ र पर्वतका १७ स्थानमा सालबसाली योजनाहरू निर्माण सम्पन्न हुने चरणमा रहेका बताए । *रासस*

# सरकारी विज्ञापन नीति संशोधन गर्न फोनिजको माग



■ **प्रभाव संवाददाता**

**सिमरा–** नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) ले सरकारी विज्ञापन वितरण नीति संशोधन गर्न माग गरेको छ । फोनिजको संघीय समितिको चौथो पूर्ण बैठकपछि १५ बुँदे 'सिमरा घोषणापत्र' जारी गर्दै उक्त माग गरिएको हो ।

घोषणापत्रमा सरकारी विज्ञापन वितरण नीतिमा सुधारदेखि पत्रकारको सुरक्षा, मातृभाषा पत्रकारिता प्रवर्द्धन र आदिवासी जनजातिको संवैधानिक अधिकार कार्यान्वयनसम्मका विषयमा सरकारको ध्यानाकर्षण गराइएको छ ।

मधेस प्रदेशको जितपुरसिमरा उपमहानगरपालिकामा असार १२ देखि १४ गतेसम्म सम्पन्न बैठकले सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यममा मात्र दिने नीतिलाई खारेज गरी सबै सञ्चारमाध्यमलाई समानुपातिकरूपमा वितरण गर्न माग गरेको छ । साथै सञ्चार संस्थालाई उपलब्ध गराइँदै आएको अनुदान कटौती नगर्न र लोक कल्याणकारी विज्ञापनको भुक्तानी तथा प्रकाशन प्रक्रियालाई सहज बनाउन पनि सरकारसँग आग्रह गरिएको छ ।

घोषणापत्रमा संघीय लोकतान्त्रिक गणतन्त्रलाई थप सुदृढ बनाउन सञ्चार क्षेत्रले रचनात्मक भूमिका खेल्ने प्रतिबद्धता व्यक्त गरिएको छ । प्रदेश-१ को पुनः नामकरण, भाषा आयोगको सिफारिसअनुसार प्रदेशहरूमा सरकारी कामकाजी भाषा कार्यान्वयन तथा संविधानमा व्यवस्था गरिएका आदिवासी जनजातिका अधिकार कार्यान्वयनका लागि आवश्यक कानुन निर्माण गरी प्रभावकारीरूपमा लागू गर्न पनि बैठकले माग गरेको छ ।

बैठकले पत्रकारमाथि बढ्दै गएको भौतिक तथा व्यावसायिक असुरक्षाप्रति चिन्ता व्यक्त गर्दै स्वतन्त्र रूपमा समाचार संकलन र प्रकाशन गर्न सक्ने वातावरण सुनिश्चित गर्न तीनै तहका सरकारसँग आग्रह गरेको छ । श्रमजीवी पत्रकारका लागि तोकिएको न्यूनतम पारिश्रमिक कार्यान्वयन, स्वरोजगारमूलक सञ्चारमाध्यमको संरक्षण तथा विकासमा सहयोग गर्न पनि माग गरिएको छ ।

त्यसैगरी मातृभाषामा प्रकाशित तथा प्रसारित सञ्चारमाध्यमको संरक्षण, पत्रकारको क्षमता अभिवृद्धि र आर्थिक प्रवर्द्धनका लागि विशेष कार्यक्रम सञ्चालन गर्नुपर्नेमा घोषणापत्रले जोड दिएको छ । प्रेस काउन्सिल नेपालले पत्रपत्रिकाको वर्गीकरण निष्पक्ष र भेदभावरहित रूपमा गर्नुपर्ने माग पनि गरिएको छ ।

बैठकले सञ्चार तथा सूचना प्रविधि मन्त्रालय तथा प्रदेश सरकारमार्फत पत्रकारसम्बद्ध संस्थालाई उपलब्ध गराइने अनुदानमा फोनिजलाई सम्मानजनक व्यवहार गर्न, मुकुम्लुङसम्बन्धी विवाद वार्ता र संवादमार्फत समाधान गर्न तथा वन संरक्षणबापत प्राप्त विश्व बैंकको लाभांश आदिवासी समुदायलाई न्यायोचितरूपमा वितरण गर्न पनि सरकारसँग माग गरेको छ ।

यस्तै मधेस प्रदेशको पर्यटन, धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्न तीनै तहका सरकारसँग आग्रह गरिएको छ ।

# अस्पताल भवन निर्माण अलपत्र

**खोटाङ–** ठेकेदार कम्पनीको लापरबाहीका कारण जन्तेढुंगा गाउँपालिका-५ चिसापानी बजारमा निर्माणाधीन १५ शयचाको आधारभूत अस्पताल भवन अलपत्र परेको छ । ठेकेदार कम्पनी ड्रागन-रियर जेभी र गाउँपालिकाबीच २०७८ असार २५ गते ठेक्का सम्झौता भएको थियो ।



कम्पनीले २०७९ असार २८ मा भवन निर्माण सम्पन्न गरी पालिकालाई हस्ताणतरण गरिसक्नुपर्ने व्यहोरा सम्झौतामा उल्लेख छ । कूल २० करोड ७१ हजार रूपैयाँमा निर्माण सम्पन्न हुने अस्पताल भवनको काम ३३ प्रतिशतमात्र सम्पन्न भएको गाउँपालिकाका सूचना अधिकारी विनय निरौलाले जानकारी दिए । तोकिएको समयमा काम सम्पन्न नभएपछि पाँच पटकसम्म म्याद थप गरिएको थियो । हालसम्म कम्पनीले छ करोड ४९ लाख छ हजार रूपैयाँ रकम भुक्तानी बुझिसकेको गाउँपालिकाले जनाएको छ ।

पर्याप्त बजेट र उपयुक्त वातावरण सिर्जना गर्दासमेत ठेकेदार कम्पनीले अस्पताल भवनको काम नगरेको गाउँपालिकाका उपप्रमुख एवं अनुगमन समिति संयोजक खेमबहादुर खड्काले जानकारी दिएका छन् । 'ठेकेदार कम्पनीलाई पटक-पटक ताकेता गरिरहेका छौं । पछिल्लोपटक थपिएको म्यादमा काम सम्पन्न भएन,' उनले भने, 'अस्पताल भवन निर्माणका लागि पालिकाबाट उपलब्ध रकम ठेकेदार कम्पनीले भुक्तानी लान सकेन । अब के गर्ने भन्ने विषयमा कार्यपालिका बैठक बसेर निर्णय गर्ने तयारीमा छौं ।'

चिसापानी बजारमा आधारभूत अस्पताल भवन निर्माणका लागि स्थानीयले पाँच रोपनी जग्गा निःशुल्क उपलब्ध गराएका थिए । विस्तृत परियोजना रिपोर्ट (डिपिआर) परिवर्तनमा समय लाग्नु, पर्याप्त बजेट नहुनु र फोक्सिङटारमा पुल नहुनुले आधारभूत अस्पताल भवन निर्माणमा ढिलाइ भएको ठेकेदार कम्पनीका प्रतिनिधि ङ्वाङडण्डुप लामाले बताए । *रासस*

# आर्थिक संकटका कारण कोशीका ४४ एफएम रेडियो बन्द

**झापा–** आर्थिक संकटका कारण कोशी प्रदेशका ४४ वटा एफएम रेडियो स्टेसन बन्द भएका छन् । पत्रकार महासंघ कोशी प्रदेशले आयोजना गरेको मिडिया सम्मेलनमा प्रस्तुत कार्यक्रममा १२९ वटा रेडियोमध्ये ४४ वटा बन्द भएको जनाइएको छ ।

महासंघका पूर्वकेन्द्रीय सदस्य मोहन काजीले १६ वटा सामुदायिक रेडियोसहित ४४ वटा बन्द भएका बताए । उनले कार्यक्रममा आर्थिक अस्थिरता र बजार अभावका कारण रेडियोसहितका सञ्चारमाध्यम बन्द हुन थालेको सम्मेलनमा प्रस्तुत गरेको कार्यपत्रमा उल्लेख गरे । यहाँका सञ्चारमाध्यमलाई प्रोत्साहन गर्न कोशी प्रदेश सरकारले आदिवासी जनजाति र लोपोन्मुख समुदायले मातृभाषामा सञ्चालन गरेका मिडियालाई विशेष सहयोगको नीति तथा कार्यक्रम र बजेटको व्यवस्था गर्न आवश्यक देखिएको उनले बताए ।

प्रदेशको पत्रकारिता क्षेत्रमा अभूतपूर्व अवसर र गम्भीर चुनौतीको दोबाटोमा उभिएको हुँदा पेसागत असुरक्षा र प्रविधिगत चुनौतीहरूलाई सही नीति र तत्परताका साथ सम्बोधन गर्न सकिएमात्र मोफसलको पत्रकारिता अझ सशक्त र आत्मनिर्भर बन्नसक्ने उनको भनाइ छ । विश्वसनीयता र स्वतन्त्रतालाई कायम राख्दै आधुनिक डिजिटल प्रविधिसँग अनुकूलन हुनसके कोशी प्रदेशको पत्रकारिता क्षेत्र मुलुककै लागि एक अनुकरणीय र उदाहरणीय नमूना बन्नसक्ने उनले बताए ।

कोशी प्रदेशमा नियमित प्रकाशित पत्रपत्रिका ९६ वटा रहेका छन् । जसमा दैनिक १७ वटा, साप्ताहिक ७३ वटा, मासिक चार वटा, द्वैमासिक एक र त्रैमासिक एक रहेका छन् ।

इलेक्ट्रोनिक मिडिया अन्तर्गत टेलिभिजन सात वटा, एफएम रेडियो कूल दर्ता भएका १२९ वटामध्ये ८५ वटा सञ्चालनमा रहेको काजीले प्रस्तुत गरेको प्रतिवेदनमा उल्लेख छ । *रासस*


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**दफा १२६ : स्वेच्छिक खारेजी-१ सम्बन्धमा (कम्पनी दर्ता खारेज गरिएको सूचना)**

सूचना प्रकाशन मिति २०८३/०३/१६ गते

स कार्यालयमा मिति २०७८/०८/२४ मा दर्ता भएको प्रा.लि.नं. २७९४२० को **इन्केल्भ फुड प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१२/०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४/०९/११ मा दर्ता भएको **प्रा. लि. नं. १८०५०३** को **इ. भि. आर. ट्रेडर्स् प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०३/१५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**काठमाडौं विश्वविद्यालय, हात्तीबन, ललितपुर परिसरमा खाद्यान्न सामाग्री, फलफुल/तरकारी सागसब्जी तथा दुग्धजन्य पदार्थ/मासुजन्य बस्तु आपूर्ति गर्ने कार्यको लागि शिलबन्दी बोलपत्र आव्हानको सूचना**

काठमाडौं विश्वविद्यालय अन्तर्गत हात्तीबन परिसरको क्यान्टिनको लागि आवश्यक पर्ने विभिन्न प्रकारका गुणस्तरिय खाद्यान्न सामाग्रीहरु, मासुजन्य, दुग्धजन्य पदार्थ तथा फलफुल/तरकारी (सागसब्जी) आपूर्ती गर्नुपर्ने हुदा इच्छुक मान्यता प्राप्त फर्म तथा संस्थाहरुले के कति मूल्यमा उपलब्ध गराउन सक्ने हो सो को विवरण यस विश्वविद्यालबाट मिति: २०८३।०३।१६ मा सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आ-आफ्नो शिलबन्दी बोलपत्र, आवश्यक कागजात (मूल्य विवरण, फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि, **PAN /VAT** मा दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि, तथा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि) सहित यस विश्वविद्यालयको हात्तीबनस्थित कार्यालयमा कार्यालय समयभित्र आइपुग्ने गरी पेश गर्नु हुन अनुरोध गरिन्छ । थप जानकारी स्कूलको वेवसाइट **https://soa.ku.edu.np/** बाट पाइने छ ।

डीन,
स्कूल अफ आर्टस/स्कूल अफ एजुकेशन




## 'लालीबजार'को कमाइ नौ करोडभन्दा बढी

फिल्म 'लालीबजार' ले बक्स अफिसमा नौ करोड बढी व्यवसाय गर्न सफल भएको छ । चलचित्र विकास बोर्डले आइतबार रातिसम्म सार्वजनिक गरेको बक्स अफिस रिपोटमा फिल्मको आम्दानी ९ करोड ३१ लाख ७७ हजार ६९० ग्रस रहेको छ । यो अवधिमा फिल्मको टिकट ३ लाख १६ हजार ९ ३९ बिक्री भएको छ । यम थापा निर्देशित फिल्म 'लालीबजार' मा अभिनेत्री स्वस्तिमा खड्काको मुख्य भूमिका छ । त्यस्तै 'रोल नं १' ले एक करोड ६८ लाख ९५ हजार ९३८ ग्रस कमाउन सफल भएको छ । यसलाई ६५ हजार ३०५ जनाले हेरेका छन् ।




# 'तोरकीन'लाई साहित्य संगम मकवानपुरको सम्मान




■ प्रभाव संवाददाता

**काठमाडौं–** जाजरकोटका साहित्यकार क्षितिज समर्पणको पहिलो उपन्यास 'तोरकीन' ले 'साहित्य संगम मकवानपुर कृति सम्मान-२०८२' प्राप्त गरेको छ । साहित्य संगम मकवानपुरले ३५ हजार रूपैयाँ नगद राशीसहित उक्त सम्मान प्रदान गरेको हो ।

तोरकीन उपल्लो मुस्ताङको चराङ र लोमान्थाङ क्षेत्रको वास्तविक कथामा रचिएको कृति हो । हिमाली भूगोल, त्यहाँको स्थानीय जीवनशैली तथा बसाइँ सराइले पारेको प्रभावलाई यस कृतिमा मुख्य रूपमा उठाइएको छ । रित्तिँदै गएका बस्ती, पग्लिँदै गरेका हिमाल, चिसिँदै गएका सम्बन्ध, हराउँदै गएका संस्कार, परम्परा र संस्कृतिको विषय साहित्यकार समर्पणले उपन्यासमा उतारेका छन् । उपन्यासमा छेवाङ र कुन्साङ मुख्य पात्रमार्फत तीन पुस्ताको कथाभित्र मानव जीवनमा आउने आरोह-अवरोहको चित्रण गरिएको छ । मुस्ताङको स्थानीय भाषामा 'तोरकीन'को अर्थ हराउँदै जानु वा लोप हुनु भन्ने हुन्छ ।

बुक हिलले प्रकाशन गरेको यो पुस्तक खेमलाल हरिकला लामिछाने समाज कल्याण प्रतिष्ठानले प्रदान गर्ने 'पद्मश्री पुरस्कारका लागि' उत्कृष्ट पुस्तकको विस्तारित सूचीमासमेत समेटिएको छ । प्रतिष्ठानले २०८२ सालमा प्रकाशित साहित्यिक पुस्तकमध्ये पहिलो चरणमा प्रकाशित १५ पुस्तकको सूचीमा तोरकीन समेटिएको हो । पत्रकारसमेत रहेका साहित्यकार समर्पणले पहिलो उपन्यासबाटै यो सफलता हात पारेका हुन् ।

साहित्यकार समर्पण बाह्रखरी कथा लेखन प्रतियोगिता २०७६ र २०७७ मा पुरस्कृत भएका थिए । समर्पणका 'आगोका फूलहरू' (एकल गजल संग्रह २०६७), 'कैफियत' (संयुक्त गजल संग्रह, २०७०) प्रकाशित छन् । उनको कृति तोरकीनबारे मकवानपुरे साहित्यकार सुवास खनालले समीक्षा गरेका थिए ।

साहित्य संगम मकवानपुरले सम्मानका लागि कृति आह्वान गरेकोमा कूल १३ वटा उपन्यास भएका थिए । त्यसमध्ये तोरकीनसहित छ वटा कृतिलाई अन्तिम सूचीमा समावेश गरिएको संस्थाका अध्यक्ष डिबी बर्तौलाले जानकारी दिए ।

## 'पेन्सन पट्टा'को फर्स्टलुक सार्वजनिक

**काठमाडौं (प्रस)–** अभिनेता माओत्से गुरुङ निर्देशित चलचित्र 'पेन्सन पट्टा' को फर्स्टलुक सार्वजनिक गरिएको छ । असार १५ को अवसर पारेर चलचित्रका तीन पोस्टर फस्ट लुक्सको रूपमा सार्वजनिक गरिएको हो ।

सार्वजनिक पोस्टरहरूले चलचित्रको मूल कथावस्तु, पात्रहरूको जीवनयात्रा, पारिवारिक सम्बन्ध, सङ्घर्ष र ग्रामीण परिवेशलाई कलात्मक ढङ्गबाट चित्रण गरिएको छ । पोस्टरहरूले 'पेन्सन पट्टा' पूर्व लाहुरेको जीवन कथाको अलावा नेपाली समाज, पारिवारिक सम्बन्ध र मानवीय मूल्यको गहिरो कथा समेत उठाएको आभास गराउँछ ।

चलचित्रले आशा, सङ्घर्ष र मानवीय संवेदनालाई केन्द्रमा राख्दै जीवनमा लक्ष्य प्राप्तिका लागि गर्नुपर्ने प्रयासको कथा प्रस्तुत गर्ने निर्देशक गुरुङले बताए । चलचित्र माओत्से गुरुङ फिल्मस्को ब्यानरमा निर्माण भएको हो ।

चलचित्रमा दयाहाङ राई, गौमाया गुरुङ, बुद्धि तामाङ, विल्सनविक्रम राई, पुष्कर गुरुङ, पशुपति राई, स्वर्गीय सुनिल थापा, सोल गुरुङ, मनोज गुरुङ, अनुशा राई तथा लुनिभा तुलाधर लगायत कलाकारको अभिनय छ । कथा तथा निर्देशन माओत्से गुरुङकै रहेको चलचित्रको छायाङ्कन सुशन प्रजापति, सम्पादन केर डी. कोइच लिनुच, गीतमा मनोज थापा मगर, शिव बराइली र सुरज तमुको सङ्गीत सुन्न पाइनेछ । चलचित्रको नेपाल वितरणको जिम्मेवारी आरआर फिल्म्सले लिएको छ ।

चलचित्र हङकङ, अस्ट्रेलिया, न्युजिल्यान्ड र बेलायतमा पनि रिलिज हुने भएको छ । चलचित्र हरितालिका तीजको अवसर पारेर भदौ २६ गते देशभर प्रदर्शनमा आउनेछ ।

## रंगशाला




# सहआयोजक क्यानडा अन्तिम १६ मा



■ प्रभाव संवाददाता

**काठमाडौं–** दक्षिण अफ्रिकालाई हराउँदै सहआयोजक क्यानडा फिफा विश्वकप फुटबल २०२६ को अन्तिम १६ मा प्रवेश गरेको छ ।

अमेरिकाको लस एन्जलस रंगशालामा भएको पहिलो नकआउट खेलमा दक्षिण अफ्रिकालाई १-० गोलअन्तरले पराजित गर्दै क्यानडा प्रिक्वार्टरफाइनलमा प्रवेश गरेको हो ।

क्यानडाका लागि स्टेफेन युस्टाकियोले निर्णायक गोल गरे । उनले खेलको दोस्रो हाफको अतिरिक्त समयमा गरेको गोल नै निर्णायक साबित भयो । यससँगै तेस्रोपटक विश्वकप खेलिरहेको क्यानडा पहिलोपटक अन्तिम १६ मा पुग्न सफल भएको हो । क्यानडा यसअघि समूह चरणबाटै बाहिरिएको थियो ।

क्यानडा समूह 'बी' मा दोस्रो तथा दक्षिण अफ्रिका समूह 'ए' बाट उपविजेता बन्दै नकआउट चरणमा पुगेको थियो ।

क्यानाडाले क्वाटरफाइनल प्रवेशका लागि नेदरल्याण्ड्स र मोरक्कोबीचको विजेतासँग खेल्नेछ ।

## शारीरिक सुगठन टोली भुटान जाने

**काठमाडौं (प्रस)–** १६ औं दक्षिण एसियाली शारीरिक सुगठन तथा फिजिक स्पोर्ट्स च्याम्पियनसिपमा सहभागी हुन ७ खेलाडीसहित ९ सदस्यीय नेपाली टोली मंगलबार भुटानको थिम्पु जाने भएको छ । असार १६ देखि २० गतेसम्म हुने प्रतियोगितामा ५ पुरुष र २ महिला खेलाडीले नेपालको चुनौती पेश गर्ने छन् । पुरुष ७५ केजीमा सगेन्द्र सिंह, ८० केजीमा दीपजंग रोका मगर, ८५ केजीमा सागर श्रेष्ठ, स्पोर्ट्स फिजिक १७० सेन्टीमिटरमुनि आकाश श्रेष्ठ र स्पोर्ट्स फिजिक १७० सेन्टीमिटरमाथि पुकार शाक्यले प्रतिस्पर्धा गर्ने छन् ।

महिला मोडल फिजिक १५५ सेन्टीमिटरमाथि विनु जिटी तथा स्विमसुटमा सीता खत्रीले सहभागिता जनाउने छन् । नवौं मिस्टर हिमालय र दोश्रो मिस्टर महानगर शारीरिक सुगठन प्रतियोगितालाई मध्यनजर गरी खेलाडी छनोट गरिएको छ । अफिसियलमा नेपाल शारीरिक सुगठन तथा फिट्नेस महासंघका सचिव दिनेशकुमार राजभण्डारी तथा निर्णायकमा जोनसन जोनछेन छन् । टोलीलाई सफलताको शुभकामना दिदै राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष विशाल श्रेष्ठले सोमबार एक कार्यक्रमबीच बिदाइ गरे ।

## कागेश्वरी मनोहरा नगरस्तरीय तेक्वान्दोको उपाधि यान्सुबलाई

**काठमाडौं (प्रस)–** यान्सुब तेक्वान्दो डोजाङले प्रथम कागेश्वरी मनोहरा नगरस्तरीय तेक्वान्दो प्रतियोगिताको उपाधि जितेको छ । यान्सुब १५ स्वर्ण, ८ रजत र १० कांस्यसाथ समग्रमा टिम च्याम्पियन बन्यो । कागेश्वरी मनोहरा नगरपालिको सहयोगमा कागेश्वरी मनोहरा नगर तेक्वान्दो विकास समितिद्वारा आयोजित प्रतियोगितामा चन्द्र सूर्य तेक्वान्दो डोजाङ १४ स्वर्ण, १२ रजत र १३ कास्यसाथ दोश्रो भयो । तेश्रो स्थानको थली तेक्वान्दो डोजाङले ७ स्वर्ण, ४ रजत र १४ कास्य हात पार्यो । शीर्ष तीन स्थानमा रहने टिमले क्रमशः १५ हजार, १० हजार र ५ हजार नगद पुरस्कार प्राप्त गरे ।

ग्योरोगीको पुरुष्मा मूलपानी तेक्वान्दो डोजाङका भिजन तामाङ तथा महिलामा थलीकी पेमा गुरुङ उत्कृष्ट खेलाडी घोषित भए । पुम्सेको पुरुषमा प्रिन्सकुमार राम तथा महिलामा रेन्जिङ चौलागाईं उत्कृष्ट चुनिए । दुवै चन्द्र सूर्यका हुन् ।

विजेतालाई कागेश्वरी मनोहरा नगरपालिकाका मेयर उपेन्द्र कार्की, उप मेयर शान्ता थापा, राष्ट्रिय खेलकुद परिषद्की पूर्व कार्यकारी समितिकी सदस्य नन्दा बस्याल, काठमाडौं जिल्ला तेक्वान्दो संघका अध्यक्ष विक्रम खड्गी, नेप्लिज तेक्वान्दो एकेडेमीका अध्यक्ष अन्तर्राष्ट्रिय निर्णायक अशोक खड्का, आयोजक समितिका अध्यक्ष राजकुमार श्रेष्ठलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे ।


**मलेसियामा रोजगार** कम्पनी : SHB MALAYSIA AUTOMOTIVE APPLIANCE SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८३/०३/१५ LT. No. 344115 चलानी नं. ६०२५७४२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 134 | 0 | 1700 | ६३,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: बारा, Mahagadhimai, RK Complex Xau Talla Building, Gayatri Chowk मा मिति : २०८३ असार २३ गते (7th Jul. 2026) मा हुनेछ । संस्थाको मुख्य कार्यालय काठमाडौंमा मिति : २०८३ असार २४ र २५ गते (8 & 9 Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

वैदेशिक रोजगार विभागको मिति २०८३/०१/०४ को पत्र अनुसार सम्पर्क व्यक्ति: सुनील कुमार चौधरी, सम्पर्क नम्बर : ९८०१८२०६६९

सम्पर्क स्थान: कार्यालय, काठमाडौं, पिङ्गलास्थान-०९, घर नं. १०५

R.K.H.R. SOLUTION PVT.LTD.

KMC-9, Gaushala, Kathmandu, Nepal, Tel : +977-5912861, Mob: 9801820670, 9855049438, E-mail : rkhrsolution2022@gmail.com

Govt. License 1565/079/80



**युएइमा रोजगार** कम्पनी : AL QAMAR AL SATEE METAL CONSTRUCTION INDUSTRIAL – SOLE PROPRIETORSHIP L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०७/०७ पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०३/१५ LT. No. 312631 चलानी नं. ६०२२७०६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pipe Fitter | 1 | 0 | 1200 | ४९,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Metal Sheet Worker | 1 | 0 | 1000 | ४०,९५० | | | | | | | |

कम्पनी : TALIE ALMATNI DECOR - L.L.C - O.P.C

पूर्व स्वीकृति मिति : २०८१/१२/०६ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/१५ LT. No. 320615 चलानी नं. ६०२३४७६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 23 | 0 | 900 | ३६,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason II | 19 | 0 | 1200 | ४९,१४५ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २३ गते (7th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NEPAL WORLD OVERSEAS PVT.LTD — LIC No. 1682/080/081

Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, Contact Person Name : Tul Bahadur Bhujel

Contact No : +977 976-3689919 (WhatsApp) E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com


## पत्रकारिता तालिममा सहभागी हुने सूचना

नेपाल पत्रकार महासंघ ललितपुर जिल्ला शाखाको समन्वय तथा ललितपुर महानगरपालिका, पुल्चोकको सहकार्यमा तीन दिने स्थानीय तथा विकास पत्रकारिता तालिम सञ्चालन हुन गइरहेको हुनाले तालिममा सहभागी हुन इच्छुक नेपाल पत्रकार महासंघ ललितपुर जिल्ला शाखामा आबद्ध सदस्यज्यूहरू, ललितपुर जिल्लामा क्रियाशिल पत्रकारज्यूहरूले सम्पर्क गर्न हुन अनुरोध छ ।

**सम्पर्क व्यक्तिहरू:**

रामहरि कार्की, अध्यक्ष ९८५१०८७९६६
दिपक अर्याल, सचिव ९८५१२११९१५
कृष्ण पौडैल, कोषाध्यक्ष ९८५१२५५१०९

**नेपाल पत्रकार महासंघ**
ललितपुर जिल्ला शाखा


**ZERO COST RECRUITMENT OPPORTUNITY FOR UAE !!!**
**शुन्य लागत अन्तर्गत युएईमा वैदेशिक रोजगारको अवसर ।**

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: SINOPEC NANJING ENGINEERING & CONSTRUCTION INC
कम्पनी : सिनोपेक नानजिङ इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन इंक

Pre Approval Date : 2026-02-23 / पूर्व स्वीकृति मिति : २०८२/११/११ — LT. No. 342587 / एल टि न. ३४२५८७ — Invoice No. 60255974 / चलानी नं. ६०२५५९७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labour | 50 | 0 | 1000 | ४०,९५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Drilling Operator | 50 | 0 | 1500 | ६१,४२८ | | | | | | | |
| 3. | Scaffolder | 50 | 0 | 1500 | ६१,४२८ | | | | | | | |

The final interview will be conducted in the office on Universal Technical Institute and Orientation Center (Maharajgunj, Kathmandu) on 12th, 13th, 14th, 15th, 16th, 17th July 2026
अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : युनिभर्सल टेक्निकल इन्स्टिच्युट एण्ड ओरिएन्टेशन सेन्टर (महाराजगन्ज, काठमाडौंमा मिति: २०८३ असार २८, २९, ३०, ३१, ३२ र साउन १ गते हुनेछ ।

नोट: यस फ्रि-भिषा अन्तर्गत कार्पेन्टर, मेशन, स्टील फिक्सर, पाइप फिटर, रिगरको पनि माग भएको हुँदा इच्छुक व्यक्तिहरूले सम्पर्क गर्नुहोला ।
Free Visa vacancies available for Carpenter, Mason, Steel Fixer, Pipe Fitter, and Rigger; interested candidates are requested to contact us.

नोट: आवेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सम्बन्धित संस्थामा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरूले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्ने छैन ।
Note: Applicants are invited to apply directly to the respective institutions without the use of any intermediaries. The applicant or the applicant's family members will not have to pay any fees for this admission process.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.७०० ।- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : ने.रू.१५०० ।- रोजगारदाताले ब्यहोर्ने — Management of Workers Welfare Fund NPR 1500/- By the Employer

सेवा शुल्क कसले ब्यहोर्ने who will bear the Service Fee — रोजगारदाताले ब्यहोर्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन ।
यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।

Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, व्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौ ।

We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

श्रम ईजाजत नं ९५७/०६७/०६८

All Skills International Human Resource Pvt.ltd.

Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542,
Shiva Subedi (986-9422479), Rajiv Khanal (9851330191), Office Staff (9705231992)
E-Mail : allskillsintl@gmail.com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com



मोरक्कोको राबाटमा गर्मी छल्न आइतबार समुद्री तटमा जम्मा भएका मानिसहरूको भीड । *तस्बिरः एएफपी*

# अमेरिका–इरान आक्रमण रोक्ने सहमति, वार्ता जारी रहने अमेरिकाको भनाइ



**वासिङ्टन–** अमेरिका र इरानबीच एकअर्कामाथि आक्रमण रोक्ने सहमति भएको छ र मध्यपूर्व युद्ध अन्त्य गर्नका लागि वार्तालाई जारी गर्ने एक अमेरिकी अधिकारीले आइतबार राति जानकारी दिएका छन् ।

जुन १७ मा भएको संवेदनशील समझदारीपत्रको बाबजुद पछिल्ला दिनमा अमेरिकी र इरानी सेनाले एकअर्कामाथि आक्रमण गरेका थिए । फेब्रुअरीको अन्त्यतिर सुरु भएको यो द्वन्द्वले महत्त्वपूर्ण हर्मुज जलडमरुमा ढुवानीलाई प्रभावित गरेको थियो ।

त्यस समझदारीअनुसार तेहरानले व्यावसायिक जहाजहरूलाई जलडमरुबाट सुरक्षित आवतजावत गर्न दिने प्रतिबद्धता जनाएको थियो भने वासिङ्टनले इरानी बन्दरगाहमाथिको नाकाबन्दी हटाउने सहमति गरेको थियो ।

'समझदारीका सबै क्षेत्रमा प्राविधिक वार्ता जारी रहने छ,' एक अमेरिकी अधिकारीले एएफपीलाई इमेलमार्फत जानकारी गराएका छन्, 'दुवै पक्षले अहिलेका लागि हमला रोकेका छन् र जहाजहरू स्वतन्त्र रूपमा आवतजावत गर्न सक्ने छन् ।'

अधिकारीले वार्ता कहिले र कहाँ हुने भन्ने विवरण दिएनन् । तर दुई अमेरिकी अधिकारी र एक जानकार स्रोतले अमेरिकी सञ्चारमाध्यम एक्सिओसलाई बताएअनुसार वार्ता मंगलबार कतारमा पुनः सुरु हुने छ । सिएनएनले पनि ट्रम्प प्रशासनका एक अधिकारीलाई उद्धृत गर्दै यस्तै कुरा रिपोर्ट गरेको छ । दुवै पक्षले 'अहिलेका लागि हमला रोक्ने' र मंगलबार दोहामा थप वार्ता गर्ने सहमति गरेको उल्लेख छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानी हमला जारी रहेमा सैन्य कारबाही गर्ने पुरानो चेतावनीलाई पुनः दोहोऱ्याएका छन् । शनिबार उनले अमेरिका 'बाध्य' भएर युद्ध पुनः सुरु गर्नुपरेमा इरान अब 'अस्तित्वमा रहने छैन' भनेका थिए ।

पाकिस्तानले मध्यस्थता गरेको र युद्ध अन्त्य गर्ने समझदारीमा हस्ताक्षर भएपछि अमेरिका र इरानले एकअर्कालाई युद्धविराम सहमतिलाई उल्लंघन गरेको आरोप लगाउँदै बदलामा आक्रमण गरेका थिए ।

आइतबार बिहान भएको पछिल्लो झडपमा अमेरिकी सेनाले 'व्यावसायिक जहाजमाथि इरानी आक्रमण जारी रहेको' भन्दै १० इरानी सैन्य लक्ष्यमा आक्रमण गरेको बताएको थियो भने इरानले पनि कुवेत र बहराइनमा रहेका अमेरिकी सैन्य शिविरमाथि आक्रमण गरेको थियो । *रासस/एएफपी*

# सुकी जीवित भएको प्रमाण माग



**लण्डन–** म्यान्माकी बन्दी प्रजातन्त्रवादी नेतृ आङ सान सुकीका कान्छा छोरा किम एरिसले सैन्य सरकारलाई आफ्नी आमा जीवित रहेको ठोस प्रमाण सार्वजनिक गर्न आग्रह गरेका छन् । अप्रिलमा सुकीलाई नजरबन्दमा राखिएको जुन्ताको दाबीप्रति गम्भीर शंका व्यक्त गर्दै उनले सुकी अझै राजधानी नेपिटोस्थित जेलमै रहेको विश्वास व्यक्त गरेका छन् ।

लण्डनमा क्योदो न्युजसँगको अन्तर्वार्तामा एरिसले सुकीलाई जेलबाट आवासीय स्थानमा सारिएको भन्ने सैन्य सरकारको दाबी पुष्टि गर्ने कुनै प्रमाण नभएको बताए । उनका अनुसार आफ्नी आमाको अवस्थाबारे बाहिर आएको एकमात्र जानकारी स्वास्थ्य अवस्था लगातार बिग्रँदै गएको भन्नेमात्र हो ।

एरिसले सुकी मुटुसम्बन्धी रोगसँगै उमेर बढ्दै जाँदा देखिने हड्डी कमजोर हुने समस्याबाट पनि पीडित रहेको बताए । उनले आफूले जेलमा बसेका एक पूर्वकैदीबाट सुनेको विवरणका आधारमा सुकी राखिएको स्थानको अवस्था अत्यन्त कठिन र चिन्ताजनक रहेको बताए ।

सन् १९९१ की नोबेल शान्ति पुरस्कार विजेता सुकीलाई सन् २०२१ फेब्रुअरीमा सेनाले सत्ता कब्जा गरेपछि हिरासतमा राखिएको थियो । लोकतान्त्रिक रूपमा निर्वाचित सरकारलाई अपदस्थ गर्दै सेनाले सत्ता हातमा लिएपछि उनलाई विभिन्न अभियोगमा कैद गरिएको थियो ।

एरिसले आफ्नी आमासँगको अन्तिम प्रत्यक्ष सम्पर्क दुई वर्षअघि प्राप्त एउटा पत्र रहेको बताए । लण्डनमा जन्मिएर हुर्किएका उनी बाल्यकालमा आमाबुबासँग बसेका थिए, तर सुकी म्यान्मा फर्किएर प्रजातन्त्र आन्दोलनमा सक्रिय भएपछि उनी बेलायतमै बसेका थिए ।

सन् १९८९ देखि २०१० सम्म सुकीले विभिन्न समयमा करिब १५ वर्ष नजरबन्दमा बिताएका थिए । उनको पार्टी नेसनल लिग फर डेमोक्रेसीले चुनावमा ठूलो सफलता पाएपछि सन् २०१६ मा उनी म्यान्माको वास्तविक राजनीतिक नेतृत्वमा पुगेकी थिइन् । तर सन् २०२१ को सैन्य कूले उनलाई पुनः हिरासतमा पुऱ्यायो ।

एरिसले आफू सार्वजनिक जीवनमा आउन नचाहे पनि आमाको पक्षमा बोल्नुपर्ने अवस्था सिर्जना भएको बताए । उनले हालै सुकीको ८१औं जन्मदिनका अवसरमा ८१ किलोमिटर स्केटबोर्ड यात्रा पूरा गर्दै विश्व समुदायको ध्यान आकर्षित गर्ने प्रयास गरेका थिए ।

विभिन्न देशमा पुगेर आफ्नी आमाको रिहाइका लागि पहल गर्दै आएका एरिसले म्यान्माको सैन्य नेतृत्वमाथि अन्तर्राष्ट्रिय दबाब बढाउन विश्व समुदायसँग आग्रह गरेका छन् । गृहयुद्ध चर्किंदै गएको अवस्थामा उनले सेनालाई उड्डयन इन्धनको आपूर्ति रोक्नुपर्नेमा जोड दिँदै यही कदमले सैन्य प्रशासनमाथि प्रभावकारी दबाब सिर्जना गर्न सक्ने बताए । *रासस/एएनआई*

# थप २० जापानी फर्म चीनको कालोसूचीमा



**बेइजिङ–** चीनले सोमबार २० जापानी संस्थालाई ब्ल्याकलिस्टमा थप गरेको छ । यसमा प्रमुख कम्पनीहरू समावेश छन् ।

वाणिज्य मन्त्रालयले दोहोरो उपयोग सामग्रीको निर्यात रोक्न यो कदम चालेको हो । यो कदमले बेइजिङ र टोकियोबीच महिनौंदेखि चलेको विवादलाई थप उग्र बनाएको छ ।

'राष्ट्रिय सुरक्षा र हितको रक्षा गर्न तथा अप्रसारजस्ता अन्तर्राष्ट्रिय दायित्व पूरा गर्नका लागि जापानको सैन्य क्षमता वृद्धिमा संलग्न २० जापानी संस्थालाई निर्यात नियन्त्रण सूचीमा समावेश गर्ने निर्णय गरिएको छ,' वाणिज्य मन्त्रालयल जारी विज्ञप्तिमा भनिएको छ ।

जापानी प्रधानमन्त्री सानाए टाकाइचीले ताइवानमाथि आक्रमण भएमा टोकियोले सैन्य प्रतिक्रिया दिन सक्ने संकेत दिएपछि दुई देशबीचको सम्बन्ध नोभेम्बरमा तनावपूर्ण बनेको थियो । चीनले ताइवानलाई आवश्यक परे बल प्रयोग गरेर आफ्नो नियन्त्रणमा लिने बताउँदै आएको छ ।

चिनियाँ अधिकारीहरूले फेब्रुअरीमा टोकियोको सैन्य क्षमता वृद्धिमा संलग्न रहेको आरोप लगाउँदै दर्जनौं जापानी कम्पनीमाथि निर्यात प्रतिबन्ध लगाएर दबाब बढाएका थिए । सोमबार कालोसूचीमा थपिएका २० संस्थामा जापानको रक्षा क्षेत्रलाई विभिन्न सामान र इन्जिनियरिङ सहयोग पुऱ्याउने विशेषज्ञता प्राप्त सहायक कम्पनी तथा प्रविधि फर्महरू छन् । यीमध्ये राष्ट्रिय रक्षा अध्ययन संस्थान र 'मित्सुबिशी इलेक्ट्रिक डिफेन्स एण्ड स्पेस टेक्नोलोजिज कर्पोरेसन' दुई प्रमुख फर्म रहेका छन् ।

चीन विश्वको सबैभन्दा ठूला दुर्लभ खनिज उत्पादक र परिष्करणकर्तामध्ये एक हो । दुर्लभ खनिज विद्युतीय सवारी, स्मार्टफोन, मिसाइल निर्देशन प्रणाली र लेजर जस्ता उच्च प्रविधिका उत्पादनहरूका लागि अत्यावश्यक छ ।

'जापान गलत बाटोमा अझ अगाडि बढेको छ र 'नयाँ प्रकारको सैन्यवाद' लाई तीव्रता दिइरहेको छ,' वाणिज्य मन्त्रालयका प्रवक्ताको नाममा जारी एक अलग्गै विज्ञप्तिमा भनिएको छ ।

'चीनको यो कदम पूर्णरूपमा न्यायोचित, उचित र कानुनी छ,' उनले थपे, 'यो निर्णयले चीन र जापानबीचको सामान्य आर्थिक तथा व्यापारिक आदानप्रदानलाई प्रभावित गर्दैन ।' *रासस/एएफपी*

# एआईको क्षेत्रमा ठूलो लगानी गर्दै दक्षिण कोरिया




**सियोल–** कृत्रिम बौद्धिकता (एआई) चलाउन आवश्यक साधनहरूको ठूलो मागले दक्षिण कोरियालाई चीनजस्ता प्रतिस्पर्धीहरूविरुद्ध आफ्नो 'चिप' उद्योगलाई बलियो बनाउने अवसर दिएको विश्लेषकहरूले बताएका छन् ।

सियोलले सोमबार नयाँ सेमीकण्डक्टर कारखाना र एआई डेटा सेन्टरहरू समेटिनेगरी ठूलो लगानीको घोषणा गरेको छ र यसको नेतृत्व दक्षिण कोरियाली चिप उत्पादक कम्पनीहरूले गरेका छन् ।

एआई प्रणाली चलाउन मद्दत गर्ने उन्नत मेमोरी चिप उत्पादन गर्ने विश्वबजारमा अमेरिकी कम्पनी माइक्रोन र दक्षिण कोरियाका सामसुङ इलेक्ट्रोनिक्स तथा एसके हाइनिक्सगरी प्रमुख तीन कम्पनीको वर्चस्व छ । सरकार तथा प्रविधि कम्पनीहरूले एआई उपकरण प्रशिक्षण र सञ्चालनमा सयौं अर्ब डलर खर्च गरिरहँदा यी कम्पनीहरूको नाफा र सेयर मूल्य अत्यधिक बढेको छ ।

'एआईले ठूलो मागमात्र होइन, अभाव पनि सिर्जना गरेको छ जसले मूल्यवृद्धि गराएको छ,' सेमीकण्डक्टर विशेषज्ञ जिम हचाण्डीले एएफपीले प्राप्त 'अब्जेक्टिभ एनलाइसिस' मा एएफपीलाई बताए ।

मेमोरी र स्टोरेज चिपको बढ्दो मूल्य उपभोक्तासम्म पुगेको छ । एप्पलले म्याकबुक र आइप्याडको मूल्य यसै महिना बढाएको छ । यो विकासले ल्याएको आर्थिक वृद्धिले कामदार हरूको तलब मागलाई पनि बढावा दिएको छ । सामसुङले मे महिनामा ठूलो हडताल टार्न आफ्नो सबैभन्दा ठूलो ट्रेड युनियनसँग बोनस सम्झौता गरेको थियो ।

## चिनियाँ प्रतिस्पर्धा

दक्षिण कोरियाले यस वर्ष एआईमा खर्च तीन गुणा बढाउने प्रतिबद्धता जनाएको छ । यसले अमेरिका र चीनसँगै विश्वका शीर्ष एआई शक्तिमध्ये एक बन्न लक्ष्य राखेको छ ।

विशेषगरी चीनले आफ्नो प्रविधि उद्योग विकासमा दौडिरहेको बेला सियोलले यो विकासको अवधिलाई 'एक पटकको अवसर'को रूपमा हेरेको प्रविधि कम्पनी 'ओमडिया'का प्रमुख विश्लेषक लियन ज्ये सुले बताए ।

'यो दक्षिण कोरियाका लागि आफ्नो रणनीतिक लाभ प्रयोग गरेर लगानी गर्न उपयुक्त समय हो किनकि एआईको प्रगति सुस्त हुनसक्छ र माग घट्न सक्छ,' उनले एएफपीसँगको कुराकानीमा भने ।

फाइनान्सियल टाइम्सले शनिबार आफ्नो समाचारमा लेखेको छ, 'एप्पलले चिनियाँ उत्पादक 'सिएक्सएमटी'बाट मेमोरी चिप किन्न खोजिरहेको छ र यो कम्पनी अभावबाट फाइदा लिने स्थितिमा छ । एएफपीले यस सम्बन्धमा एप्पल र सिएक्सएमटीसँग प्रतिक्रिया मागेको छ ।'

'चिनियाँ कम्पनीहरूलाई सस्तो श्रम र ठूलो घरेलु मागको फाइदा छ, तर उनीहरूको प्रविधि वृद्धिमा सीमा हुनसक्ने देखिन्छ,' सुले बताए, 'मानिसहरू चिनियाँ 'सिलिकन'मा अत्यधिक निर्भर हुन कम इच्छुक छन् र यसै कारण सामसुङजस्ता कोरियाली कम्पनीहरूले उत्पादनमा 'दोब्बर' जोड दिन चाहेका छन् ।'

## नवप्रवर्तन अनिवार्य

'स्थापित एसियाली चिप उत्पादकहरूले एआईको तीव्रतर विकासको फाइदा लिन सक्छन् किनकि उनीहरू अझै नवप्रवर्तनशील छन्,' हचाण्डीले भने, 'यसले उनीहरूलाई नाफा दिन्छ, उनीहरू र उस्तै स्तरको खर्च र अनुसन्धान लगानी गर्न नसक्ने ती साना कम्पनीहरूबीचको खाडललाई यसले बढाउँछ ।'

सोमबारको घोषणासँगै दक्षिण कोरियाली चिप उत्पादकहरूले आफूसँग भएको प्रशस्त नगदको उपयोग गरेर आफ्नो उत्पादन विविधीकरण गर्न चाहेको सुले बताएका छन् । यसले उनीहरूलाई हालको आकर्षण क्षेत्र बनेको मेमोरी चिप निर्माणमा अत्यधिक निर्भर हुनबाट जोगाउने उनको भनाइ छ । अर्थशास्त्रीहरूले यसलाई 'डच डिजिज' भन्छन्, जसले एक वस्तुको अस्थायी मूल्य वृद्धिको नकारात्मक प्रभावलाई जनाउँछ ।

## तीव्रतर आर्थिक वृद्धि कि अवनति

एआई क्षेत्रको चकित पार्ने विकास गतिले सामसुङको सेयर मूल्य गत वर्ष ४३० प्रतिशतभन्दा बढी बढेको छ भने एसके हाइनिक्सको ७७० प्रतिशत बढेको छ । यसले एआईको तीव्रतर विकास कति समय टिक्छ भन्ने चिन्ता बढाएको छ ।

सुजस्ता केही विश्लेषकहरू एआई उपकरणहरू व्यवसायिक सञ्चालनमा गहिरिएर एकीकरण हुँदै गएकाले माग बलियो रहनेमा आशावादी छन् । 'मेमोरी चिपका लागि अन्तिम बजारमा प्रभाव नपरेसम्म मूल्य बढ्न रोकिने कुराको कम सम्भावना छ,' हचाण्डीले भने, 'यदि मूल्य अत्यधिक बढ्यो भने बजारले अर्को प्रविधितर्फ लाग्छ वा पूरै हराउँछ, तर हामी अझै त्यहाँ पुगेका छैनौं ।' *रासस/एएफपी*


**कर्मचारी हटाइएको सम्बन्धी सूचना**

यस D.N. International Nepal Overseas Employment Agency Pvt. Ltd. (ईप.नं १४४/०५६/०५७) मा कार्यरत तपसिलमा उल्लेखित कर्मचारीहरूलाई आजको मितिबाट यस प्रा.लि. बाट हटाइएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको **मितिले ७ (सात) दिन**भित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**तपसिल**

| S.N. | Name | Position | Citizenship No. |
|---|---|---|---|
| 1 | Upasana Upreti | Documentation Officer | 22-0-72-00357 |
| 2 | Bikash Nagarkoti | Driver | 961020(43579) |
| 3 | Tridev Rai | Manager | 94881 |
| 4 | Soni Tamang | Kitchen Helper | 451050/4550 |
| 5 | Nagendra Giri | Accountant | 241034/244 |

D.N. International Nepal Overseas Employment Agency Pvt. Ltd.
श्रम इजाजत नं. १४४/०५६/०५७
Maharajgunj, Chakrapath, Ktm, Tel: 01-4016209
E-mail :info@dninepal.com,Website:www.dninepal.com

**अधिकृत वारेसनामा बदरको सूचना**

छविलाल खत्रीको नातिनी गणेश वहादुर खत्रीको छोरी मान वहादुर गोलेको बुहारी वाल कुमार गोलेको श्रीमती रुपन्देही जिल्ला बुटवल न.पा.वडा नं.९ घर भई हाल का.जि.का.म.न.पा.वडा नं.२९ को परिवर्तित वडा नं.२६ बस्ने वर्ष ४३ की विमला खत्री क्षेत्री गोले (ना.प्र.नं.१८१८ मिति २०५१।०३।११ जि.प्र.का. रुपन्देही) को नाममा मा.पो.का.डिल्लीबजार काठमाण्डौमा एकलौटी दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं.२९ सिट नं.१०२१०२५०६ कि.नं.६२ को क्षेत्रफल ११८।६० व.मि.जग्गा र सो जग्गामा बनेको घर समेत सम्वन्धित मालपोत कार्यालयमा उपस्थित भई जो कोहीलाई राजिनामा गरी हक हस्तान्तरण हुने गरी रजिष्ट्रेशन पारित गरी दिन छविलाल खत्रीको नातिनी गणेश बहादुर खत्रीको छोरी रुपन्देही जिल्ला बुटवल न.पा.वडा नं.९ बस्ने वर्ष ३१ की जमुना खत्री (ना.प्र.नं.३७२०२४/४३९८९ मिति २०६४।४।१५ जि.प्र.का.रुपन्देही) लाई मिति २०७६ साल पौष ९ गते रोज ४ मा श्री काठमाण्डौ जिल्ला अदालतवाट अधिकृत वारेसनामा गरिदिएकोमा आजैका मितिवाट उक्त अधिकृत वारेसनामा वदर गरिएको हुँदा सो को प्रयोजनार्थ मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५५(१)(ग) वमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**बिमला खत्री क्षेत्री गोले**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०३/१६ गते**

यस कम्पनीको मिति २०८२/०३/२६ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **बत्ति ग्रुप प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०५/२३ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **कोने फार्म रिसोर्ट प्रा.लि. (प्रा.लि.नं. १५९७८९)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २८२४०० | प्रति तोला – ० | प्रति तोला – ४३१० |

# प्रसारणलाइन विकासमा नेपाली कम्पनीको सहभागिता बढ्दो

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल विद्युत् प्राधिकरणले पहिलोपटक ट्यारिफ आधारित प्रतिस्पर्धात्मक बोलपत्र प्रणाली (बुट मोडल) मार्फत चारवटा प्रसारण लाइन आयोजना अघि बढाएपछि प्रसारण पूर्वाधार विकासमा निजी क्षेत्रको सहभागिताका लागि नयाँ अभ्यास सुरु भएको छ। यी आयोजनाका लागि नेपाल, भारत, चीन, अमेरिकालगायतका देशका १८ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कम्पनी तथा कन्सोर्टियमहरूले आशयपत्र पेश गरेका छन्।

यस प्रक्रियामा नेपाली निजी क्षेत्रका कम्पनी तथा नेपाल नेतृत्वका कन्सोर्टियमहरूको उपस्थिति उल्लेखनीय देखिएको छ। प्रसारण पूर्वाधार विकास सरकारी निकायको मात्र कार्यक्षेत्र नभई निजी लगानी, प्राविधिक सहकार्य र औद्योगिक साझेदारीसँग पनि जोडिन थालेको यसले संकेत गर्छ।

स्वदेशी तथा विदेशी कम्पनीहरूले छुट्टाछुट्टै तथा संयुक्त उपक्रममार्फत विभिन्न प्रसारण लाइन आयोजनाका लागि आशयपत्र पेश गरेका छन्। नेपाली तथा नेपाल नेतृत्वका सहभागीहरूमा पावर ट्रान्समिसन कम्पनी नेपाल, हाई हिमालय हाइड्रो कन्स्ट्रक्सन, शिवश्री-डाँफे संयुक्त उपक्रम, सिग्मा कन्स्ट्रक्सन तथा हुलास स्टिल इन्डस्ट्रिज लिमिटेड, युनिभर्सल-माउन्टेन कन्सोर्टियम नेपाल, बलेफी हाइड्रोपावर-लिटमस केबल-शर्मा एन्ड कम्पनी कन्सोर्टियम, शर्मा एन्ड कम्पनी-बलेफी-लिटमस-हुलास स्टिल संयुक्त उपक्रम, बलेफी हाइड्रोपावर-शर्मा एन्ड कम्पनी-लिटमस केबल-जेड इन्फ्रा संयुक्त उपक्रम, प्याराडाइज बिल्डर्स-एप्लाइड इन्जिनियरिङ नेपाल-एब्सोल्युट प्रोजेक्ट्स इन्डिया कन्सोर्टियम तथा के एन्ड ए ईपीसी-के एन्ड ए इन्जिनियरिङ-कोस्मिक संयुक्त उपक्रम अमेरिका-नेपाल रहेका छन्।

> ऊर्जा उत्पादनसँगै प्रसारण संरचना पनि राष्ट्रिय प्राथमिकताको विषय बन्दै गएको अवस्थामा नेपाली निजी क्षेत्रको यो सहभागिता देशको दीर्घकालीन ऊर्जा पूर्वाधार निर्माणका लागि सकारात्मक संकेत हो ।

यीमध्ये पावर ट्रान्समिसन कम्पनी नेपाल, हाई हिमालय हाइड्रो कन्स्ट्रक्सन, शिवश्री-डाँफे संयुक्त उपक्रम र बलेफी हाइड्रोपावर-शर्मा एन्ड कम्पनी-लिटमस केबल-जेड इन्फ्रा संयुक्त उपक्रमले टीएल-४ का लागि आशयपत्र पेश गरेका छन्। बलेफी हाइड्रोपावर-लिटमस केबल-शर्मा एन्ड कम्पनी कन्सोर्टियमले टीएल-३ का लागि तथा शर्मा एन्ड कम्पनी-बलेफी-लिटमस-हुलास स्टिल संयुक्त उपक्रमले टीएल-२ का लागि आवेदन दिएको छ। सिग्मा कन्स्ट्रक्सन तथा हुलास स्टिल इन्डस्ट्रिज लिमिटेडले टीएल-१, टीएल-३ र टीएल-४ का लागि तथा युनिभर्सल-माउन्टेन कन्सोर्टियम नेपालले टीएल-३ र टीएल-४ का लागि चासो देखाएको छ।

नेपाली कम्पनीहरूको सहभागिताले प्रसारण पूर्वाधार विकासमा स्वदेशी उद्योगको क्षमता, आत्मविश्वास र प्रतिस्पर्धात्मक उपस्थिति विस्तार हुँदै गएको देखाउँछ। ऊर्जा उत्पादनसँगै प्रसारण संरचना पनि राष्ट्रिय प्राथमिकताको विषय बन्दै गएको अवस्थामा नेपाली निजी क्षेत्रको यो सहभागिता देशको दीर्घकालीन ऊर्जा पूर्वाधार निर्माणका लागि सकारात्मक संकेत हो।

अन्तर्राष्ट्रिय सहभागीहरूमा भारतको पावर ग्रिड कर्पोरेसन अफ इन्डिया लिमिटेडले टीएल-१, टीएल-२ र टीएल-३ का लागि आवेदन दिएको छ भने अशोका बिल्डकन लिमिटेडले टीएल-१ र टीएल-२ का लागि आवेदन दिएको छ। टेक्नो-इन्टरप्राइजेन-रौसिना उद्योग-आनन्द सोलार भारतले टीएल-१, टीएल-३ र टीएल-४ का लागि तथा भिभियाना पावर टेक भारतले टीएल-३ र टीएल-४ का लागि चासो देखाएका छन्। रिसोनिया लिमिटेड, मेघा इन्जिनियरिङ एन्ड इन्फ्रास्ट्रक्चर्स, टीबीईए र चाइना नेशनल मेसिनरी इम्पोर्ट एन्ड एक्सपोर्ट कर्पोरेसनलगायतका कम्पनीहरूको पनि सहभागिता रहेको छ।

ट्यारिफ आधारित प्रतिस्पर्धात्मक बोलपत्र प्रणाली (बुट मोडल) अन्तर्गत छनोट हुने विकासकर्ताले प्रसारण लाइनको विस्तृत अध्ययन, वित्तीय व्यवस्थापन, निर्माण, सञ्चालन तथा मर्मतसम्भारको जिम्मेवारी लिनेछ। तोकिएको सञ्चालन अवधिपछि उक्त पूर्वाधार नेपाल विद्युत् प्राधिकरणलाई हस्तान्तरण गरिनेछ। कम्पनीहरूको छनोट राष्ट्रियताका आधारमा नभई प्राविधिक क्षमता, वित्तीय व्यवस्थापन, आयोजना बुझाइ र प्रतिस्पर्धात्मक प्रसारण सेवा शुल्कका आधारमा हुने व्यवस्था छ।

प्राधिकरणले अघि बढाएका चार आयोजनामध्ये शीतलपाटी (अरुण हब)-इनरुवा ४०० केभी प्रसारण लाइन करिब ९५ किलोमिटर लामो हुनेछ। संखुवासभादेखि सुनसरीसम्म विस्तार हुने यो लाइनले अरुण करिडोरका निर्माणाधीन तथा प्रस्तावित जलविद्युत् आयोजनाबाट करिब ४४ सय मेगावाट विद्युत् निकासी गर्न सहयोग गर्ने अपेक्षा गरिएको छ।

तिङ्ला-न्यू खिम्ती-सुनकोशी हब-ढल्केबर ४०० केभी प्रसारण लाइन करिब १३४ किलोमिटर लामो हुनेछ। यो लाइनले सोलुखुम्बु, ओखलढुंगा, रामेछाप, दोलखा, सिन्धुली र धनुषा जिल्ला जोड्नेछ र करिब ४,०८० मेगावाट विद्युत् वहन क्षमता राख्ने अनुमान गरिएको छ।

त्यसैगरी, डाँडाखेत-बुर्तिबाङ १३२ केभी प्रसारण लाइन करिब ३३ किलोमिटर लामो हुनेछ, जसले म्याग्दी र बागलुङलाई जोड्नेछ। यसको वहन क्षमता करिब २५० मेगावाट रहने अनुमान छ। रिडी-तम्घास १३२ केभी प्रसारण लाइन करिब २८ किलोमिटर लामो हुनेछ, जसले पाल्पा र गुल्मीलाई जोड्नेछ र यसको वहन क्षमता करिब २२५ मेगावाट रहने अनुमान गरिएको छ।

आशयपत्र विवरणअनुसार रिडी-तम्घास आयोजनाका लागि सबैभन्दा धेरै १४ प्रस्ताव दर्ता भएका छन्। डाँडाखेत-बुर्तिबाङ आयोजनामा १२, शीतलपाटी-इनरुवा आयोजनामा ९ र तिङ्ला-न्यू खिम्ती-सुनकोशी हब-ढल्केबर आयोजनामा ७ प्रस्ताव दर्ता भएका छन्।

आगामी चरणमा आशयपत्रहरूको प्राविधिक तथा वित्तीय मूल्यांकन गरिनेछ। मूल्यांकनबाट छनोट भएका कम्पनी तथा कन्सोर्टियमहरूलाई प्रस्ताव आह्वान प्रक्रियामा सहभागी गराइनेछ। अन्तिम छनोट वार्षिक प्रसारण सेवा शुल्कको प्रतिस्पर्धात्मक प्रस्तावका आधारमा हुने व्यवस्था छ।

### सेबोन अध्यक्ष भट्टको शपथ

# लगानीकर्ताको हितमा काम गर्न अर्थमन्त्रीको निर्देशन



■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले नेपाल धितोपत्र बोर्ड (सेबोन)का नवनियुक्त अध्यक्ष डा गोपालप्रसाद भट्टलाई पद तथा गोपनीयताको शपथ गराएका छन्। सोमबार मन्त्रालयमा आयोजित एक कार्यक्रममा मन्त्री डा. वाग्लेले भट्टलाई सपथ गराएका हुन्। यही असार ५ गतेको मन्त्रिपरिषद् बैठकले भट्टलाई बोर्डको अध्यक्षमा नियुक्त गरेको थियो।

शपथपछि अर्थमन्त्री डा वाग्लेले नवनियुक्त अध्यक्ष भट्टलाई लगानीकर्ताको लगानीको सुरक्षा र हितमा इमानदारीपूर्वक काम गर्न निर्देशन पनि दिए। लगानीकर्ताको लगानीको सुरक्षा र बजारमा पुँजी परिचालनमार्फत आर्थिक वृद्धिको लय समाउन नवनियुक्त अध्यक्षले विशेष ध्यान दिनुपर्ने पनि मन्त्री डा. वाग्लेको भनाइ छ।

'कुनै पनि लोभ र प्रभावमा नपरी पुँजीबजारका लगानीकर्ताको लगानीको सुरक्षा गर्नुहोस्', अर्थमन्त्री डा वाग्लेले भने, 'म साथमा छु। सरकारले सबैखाले सहयोग गर्छ। पुँजी परिचालनमार्फत आर्थिक वृद्धिको बाटो समात्ने वातावरण बनाउनुहोस्।'

अर्थमन्त्री डा वाग्लेले पुँजीबजार सुधारका कामहरू गर्न हरेक दिन, हप्ता, महिना, छ महिना र एक वर्षका योजना के हुन्, त्यो पेस गर्न पनि नवनियुक्त अध्यक्ष भट्टलाई निर्देशन दिए। बजारमा अनावश्यक हल्ला फैलाएर साना लगानीकर्तामाथि त्रास सिर्जना गरिएको भन्दै अर्थमन्त्री वाग्लेले त्यसलाई चिर्न पनि अध्यक्ष भट्टलाई निर्देशन दिए।

'पुँजीबजार सुधारका योजनाहरू समयसीमा बनाएर कार्यान्वयन गर्नुहोस्। बजारमा आत्मविश्वास बढाउँदै लगेर नियमनको भूमिका कुशलतापूर्वक निभाउनुहोस्', अर्थमन्त्रीले भने, 'मन्त्रालयबाट कुनै प्रकारको हस्तक्षेप हुँदैन। धेरै बोलेर होइन, नतिजामा काम गर्नुहोस्। मलाई हरेक हप्ता बजारको ब्रिफिङ चाहिन्छ।'

नवनियुक्त बोर्ड अध्यक्ष भट्टले सरकार र अर्थमन्त्रीज्यूको योजनाअनुसार पुँजीबजारको विकासमा इमानदारीपूर्वक काम गर्ने बताए। आफ्नो ज्ञान, अनुभव र सीपलाई पूर्ण रूपमा बजारका लगानीकर्ताको हित र सरकारको आर्थिक वृद्धिको लक्ष्यलाई सघाउने गरी प्रयोग गर्ने प्रतिबद्धता पनि उनले व्यक्त गरे।

पुँजीबजार सुधारका लागि विभिन्न समयमा भएका अध्ययन र सिफारिसहरू कार्यान्वयन गर्दै बजारको विकासमा निरन्तर काम गर्ने उनको भनाइ छ।

## कर्पोरेट

### तुँदी पावर र कुमारी क्यापिटलबीच सेयर निष्काशन सम्झौता



**काठमाडौं (प्रस)–** तुँदी पावर कम्पनी लिमिटेडले प्रति सेयर १०० रूपैयाँ अंकित दरको १,००,००,००० कित्ता साधारण सेयर श्रम स्विकृत प्राप्त गरि वैदेशिक रोजगारमा रहेको नेपाली नागरिक, आयोजना प्रभावित क्षेत्रका स्थानीयबासिन्दाहरू, कर्मचारी, सामूहिक लगानी कोषका योजनाहरू सहित सर्वसाधारणहरूमा निष्काशन गर्नको लागि कुमारी क्यापिटल लिमिटेडलाई धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा नियुक्त गरेको छ।

उक्त सम्झौता–पत्रमा तुँदी पावर कम्पनी लिमिटेडका तर्फबाट महाप्रबन्धक इन्द्र प्रसाद ढकाल तथा कुमारी क्यापिटलका तर्फबाट प्रमुख कार्यकारी अधिकृत पुष्प शर्माले हस्ताक्षर गरेका छन्। तुँदी पावर कम्पनी लिमिटेडले म्याग्दी जिल्लामा अवस्थित रहुगंगा नदीको पानी सदुपयोग गरि चिमखोला राहुघाट मंगले (३५.५ मे.वा.) र माथिल्लो राहुघाट (४८.५ मे.वा.) जलविद्युत आयोजनाहरू निर्माण गरी मिति २०८२/०४/२० बाट व्यवसायिक विद्युत उत्पादन गरी आयोजनाहरू सञ्चालनमा रहेको छ। यस आयोजनाहरूबाट उत्पादित विद्युत शक्ति राहुघाट जलविद्युत आयोजनाको सबस्टेशनमा जडान गरि बिक्री कार्य भईरहेको कम्पनीले जनाएको छ।

### प्राइम बैंक र अरूण खोला जलविद्युतबीच कर्जा सम्झौता




**काठमाडौं (प्रस)–** प्राइम कर्मसियल बैंक लिमिटेडले हिमालयन इञ्जिनियरिङ्ग एण्ड इनर्जीद्वारा प्रवर्धन गरेको २ मेगावाट क्षमताको अरुण खोला दुई जलविद्युत आयोजनामा लगानी गर्ने सम्झौता गरेको हो।

सम्झौता पत्रमा बैंकका तर्फबाट डिपुटी जनरल मेनेजर नारायण प्रसाद श्रेष्ठ र कम्पनीका तर्फबाट सञ्चालक अध्यक्ष ओम प्रसाद भट्टराईले हस्ताक्षर गरेका हुन्। यस परियोजनाको अनुमानित लागत ४८ करोड ६४ लाखमा बैंकले ६१.६६:३८.३४ को अनुपातमा ऋण ३० करोड र बाँकी लागत प्रवर्द्धक कम्पनीहरूबाट जुटाइने उल्लेख गरिएको छ। उक्त आयोजनाबाट सुख्खा याममा ४.८६४ र वर्षा याममा ८.३१९ गरी जम्मा १३.१८ गिगावाट विद्युत उत्पादन गर्ने जनाएको छ। यो आयोजना पन्ध्र महिना भित्रमा निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

### कजारिया रमेश टायल्सको नयाँ शोरूम टोखामा



**काठमाडौं (प्रस)–** कजारिया रमेश टायल्स लिमिटेडले काठमाडौंको टोखा रोडमा एक विशेष शोरूम सञ्चालनमा ल्याई उपत्यकामा आफ्नो रिटेल सञ्जाललाई थप विस्तार गरेको छ। जगदम्बा इन्टरनेसनलसँगको सहकार्यमा व्यवस्थापन गरिएको यस नयाँ शोरूमले स्थानीय घरधनी, निर्माण व्यवसायी र इन्टेरियर डिजाइनरहरूलाई लक्षित गर्दै विश्वस्तरीय ब्राण्डका फ्लोर र वाल टायलहरूको विस्तृत दायरा सिधै स्थानीय समुदायसम्म पुऱ्याउने उद्देश्य राखेको छ।

यस शोरूमको उद्घाटन कजारिया रमेश टायल्स लिमिटेडका निर्देशक श्री हिमांशु अग्रवाल र मिस कस्मो नेपाल २०२५ दीपशिखा नेपालले संयुक्त रूपमा गरेका थिए। कजारिया रमेश टायल्स लिमिटेडका अन्य वरिष्ठ प्रतिनिधिहरू तथा जगदम्बा इन्टर नेसनलको व्यवस्थापन टोलीको उपस्थितिमा शोरूमको औपचारिक उद्घाटन गरी स्थानीय बासिन्दाहरूलाई नयाँ शोरूम अवलोकनका लागि स्वागत गरिएको थियो।

आधुनिक र ग्राहक-मैत्री ढाँचामा व्यवस्थित गरिएको यस शोरूमलाई ग्राहकहरूले सहज र उत्कृष्ट सपिङको अनुभव लिन सक्ने गरी डिजाइन गरिएको छ। यहाँ आउने ग्राहकहरूले विभिन्न टायल्सका डिजाइनहरू प्रत्यक्ष स्पर्श गरी हेर्न, महसुस गर्न र परिकल्पना गर्न सक्नेछन्। यसले गर्दा ग्राहकहरूलाई आफ्ना व्यक्तिगत वा व्यावसायिक परियोजनाका लागि विभिन्न टेक्सचर, प्याटर्न र साइजहरू प्रत्यक्ष रूपमा हेरेर आफ्नो रोजाइ अनुरूपको उत्कृष्ट टायल छनोट गर्न सजिलो हुने कम्पनीले विश्वास लिएको छ।

उद्घाटनका क्रममा कजारिया रमेश टायल्स लिमिटेडका निर्देशक अग्रवालले भने, 'जगदम्बा इन्टरनेसनलसँगको हाम्रो यो सहकार्य टोखा रोड र यस आसपासका तीव्र रूपमा विकास भइरहेका क्षेत्रहरूमा सेवा प्रदान गर्ने हाम्रो प्रतिबद्धताको प्रतीक हो। हाम्रा विश्वस्तरीय कलेक्सनहरू स्थानीय बासिन्दाहरूको पायक पर्ने स्थानमा ल्याएर हामी उहाँहरूको घर निर्माण र मर्मतसम्भारको यात्रालाई सहज बनाउन चाहन्छौं, जसले गर्दा उहाँहरूले आफ्नो ठाउँलाई उत्कृष्ट बनाउन भरपर्दो गुणस्तर र आधुनिक डिजाइनहरू प्राप्त गर्न सक्नुहुनेछ।'

विपद् जोखिम न्यूनीकरणको पूर्वतयारी गरौं

- बर्षाको समयमा बाढीपहिरो तथा चट्याङ्गको जोखिम हुन सक्छ,
- सम्भावित जोखिमको मूल्यांकन गरौं, सचेत बनौं,
- जोखिमयुक्त स्थानमा नवसौं, सुरक्षित स्थानमा बसौं,
- नदि किनारा वा भिरालो जमिनमा बसोबास भएकाहरु विशेष सतर्क रहौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन पूर्वयोजना बनाऔं,
- घर परिवार र छिमेकीहरुसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क विन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाद्यान्न, पानी, प्राथमिक उपचार सामग्री, टर्चलाइट र आवश्यक औषधि आदि तयारी अवस्थामा राखौं,
- प्रकोप व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड